Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३५ २०८२ साल बैशाख ९ गते मंगलबार (Apr 22, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## दबाबमा थिइन् शिक्षामन्त्री भट्टराई, देखाइन् स्वास्थ्यको कारण



**काठमाडौं–** सोमबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा बुझाएकी शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले स्वास्थ्यको कारण देखाएकी छिन् ।

शिक्षामन्त्री भट्टराईको राजीनामा स्वीकृत हुन बाँकी छ । उनको राजीनामा लगत्तै अहिले प्रधानमन्त्री निवास बालुवाटारमा मन्त्रिपरिषद् बैठक बसिरहेको छ ।

सम्भवतः प्रधानमन्त्री ओलीले शिक्षामन्त्रीको राजीनामाबारे मन्त्रिपरिषद्मा ब्रिफिङ गर्नेछन् ।

स्रोतका अनुसार, शिक्षामन्त्री भट्टराईले आफ्नो राजीनामापत्रमा स्वास्थ्यको कारण देखाएकी छिन् ।

शिक्षामन्त्री भट्टराई गत माघमा उनी बिरामी परेकी थिइन् । तर उपचारपछि निको भएको थियो ।

तर, शिक्षामन्त्री निकट स्रोत भने स्वास्थ्यमात्रै नभइ शिक्षक आन्दोलनका कारण परेको पछिल्लो दबाब पनि राजीनामाको कारण भएको बताउँछ ।

‘मन्त्रीज्यूलाई प्रेसर ठूलो थियो,’ नाम उल्लेख नगर्ने शर्तमा मन्त्रालयका एक अधिकारी भन्छन्, ‘मन्त्रालयलाई शिक्षकको आन्दोलन सुल्झाउन कठिन भएको छ ।’

» बाकी ६ पृष्ठमा

# शिक्षकहरु २० दिनदेखि आन्दोलनमा मन्त्रीले दिईन राजिनामा

■ मोहन कार्की





**काठमाडौं–** नेपालका गुरुहरु भनेर चिनिने शिक्षक शिक्षिकाहरुले आफ्नो पेशागत हकहित र नेपालको समय सुहाउँदो शैक्षिक प्रणलीको लागि नयाँ शिक्षा ऐन पारित गर्न चैत्र २० गतेदेखि आन्दोलित भएका छन् । उनिहरुले निरन्तर रुपमा २० गतेदेखि अर्थात बैशाख ९ गतेसम्म सडकमा जम्मा भएर शिक्षा ऐन पारित गर्न दवाव दिईरहेकाछन् । अझैपनि उनिहरुको आन्दोलन जारी छ । शिक्षक शिक्षिकाहरुले काठमाडौंको राजधानी माइतीघर मण्डलामा बिहानै जम्मा हुने र दिउँसो माइतीघर मण्डलाबाट बबरमहल, बिजुली बजार हुँदै नयाँ बानेश्वर निषेधित क्षेत्रमा पुगेर प्रत्येक दिन धर्ना बस्दै आएका छन् । उनिहरुले शिष्ट भएर नेपाली मौलिक गीत, नाटक, कविता, चुट्किला, भजन, जादू लगायत रचनात्मक तरिकाबाट शिक्षा ऐन नलिई पठन पाठन गर्न नफर्कने अभिव्यक्ति समेत दिदै आएका छन् ।

तर यता सरकारले भने खासै चासो दिएको छैन । शिक्षामन्त्री विद्या भट्टराईले शिक्षक शिक्षिकाको आन्दोलनकै कारण देखाएर शिक्षामन्त्रीको पदबाट बैशाख ८ गते राजिनामा समेत दिईसकेकी छिन । अहिले देशमा प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षामन्त्रीले राखेको प्रस्तावलाई सकारात्मक रुपमा नलिएको र यता आन्दोलनको चरम रुपमा विकास भईरहेको हुनाले दुबै तर्फको चेपुवामा परेर राजिनामा दिएको समाचारहरु सर्वत्र बजारमा आएकाछन् ।

कसैले विद्या भट्टराईको राजिनामालाई लिएर नैतिकता भएको नेतृत्व भनेर प्रशंसा गरेकाछन् । कसैले राजिनामा दिएर शिक्षा ऐन आउँदैन । पदीय जिम्मेवारीमा नै बसेर आफैपनि पूर्व शिक्षक भएको हैसियतले अनुभवको आधारमा ऐन पारित गर्न लाग्नुपर्‍थ्यो भनेर दुबै तर्फबाट विश्लेषणहरु भईरहेका छन् ।

तर शिक्षामन्त्रीको पदबाट राजिनामा दिएपछि सरकारमा को शिक्षामन्त्री हुने भनेर दौडधुप भईरहेको छ । यता देशमा अराजक द्वान्द्व नभएपनि नागरिकहरु खुशी छैनन भन्ने घटनाहरुले देखाईरहेका छन् । दुबैमा स्वास्थ्य मन्त्री प्रमुख अतिथि भएको कार्यक्रममा त्यहा रोजगारको शिलशिलामा रहेका नागरिकहरुले नो मन्त्री भनेर विरोध गरेका घटना घटेको छ । ताप्लेजुङमा पुर्वमन्त्री तथा संसद योगेस भट्टराईलाई सुरक्षा

» बाकी ६ पृष्ठमा

## रुपन्देहीको दानव नदीमा बेपत्ता ३ मध्ये एकको शव भेटियो

**काठमाडौं–** रुपन्देहीको दानव नदीमा बेपत्ता ३ मध्ये एक जनाको शव फेला परेको छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-२ अर्दौलीस्थित दानव नदीमा सोमबार दिउँसो पौडी खेल्ने क्रममा तीन जना बेपत्ता भएका थिए ।

सो मध्ये १४ वर्षीय राज यादवको शव फेला परेको सशस्त्र प्रहरीका डीएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

उनका अनुसार १३ वर्षीय उमेश यादव, १२ वर्षीय मुनु हरिजन भने डुबेर बेपत्ता भएका थिए ।

बेपत्ता दुई जनाको मंगलबार बिहानैदेखि खोजी कार्य गरिने डीएसपी थापाले बताए ।

घटना बारे जानकारी पाउनासाथ सशस्त्र प्रहरी



बल नेपाल बोर्डर आउट पोस्ट बयरघाटबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा विपद् व्यवस्थातालिम प्राप्त सुरक्षा फौज परिचालन भएको थियो ।

## डिष्ट्रिक्ट ३२५ जे नेपालको गभर्नरमा लायन मिलन बाबु मल्ल निर्वाचित




**काठमाडौं–** लायन्स इन्टरनेसनल डिष्ट्रिक्ट ३२५ जे नेपालको आगामी लायन वर्षका लागि डिष्ट्रिक्ट गभर्नरमा लायन मिलन बाबु मल्ल मतसहित निर्वाचित भएका छन् ।

राष्ट्रिय सभागृह काठमाडौंमा सम्पन्न तेस्रो कन्भेन्सनबाट इन्टरनेसनल डाइरेक्टर इन्डोर्सीमा पिडिजी लायन ध्रूब बहादुर थापा, फस्ट भाईस डिष्ट्रिक्ट गभर्नरमा लायन प्रजापती बाँस्तोला र सेकेन्ड भाईस डिष्ट्रिक्ट गभर्नरमा लायन कुश प्रसाद मल्ली निर्वाचित भए ।

पूर्व प्रधान न्यायाधिश कल्याण श्रेष्ठको प्रमुख आतिथ्यता, महानायक राजेश हमाल, इन्टरनेसनल डाइरेक्टर लायन बालकृष्ण बुर्लाकोटी, पास्ट इन्टरनेसनल डाइरेक्टर लायन सञ्जय खेतान, जिएटी एरिया लिडर लायन खगेन्द्र सिटौला र एलसिआईएफ एरिया लिडर लायन राजन लम्साल र मल्टिपल काउन्सिल चियरपर्सन लायन रमेश कुमार लामाको विशेष आतिथ्यतामा सम्पन्न कार्यक्रममा नव निर्वाचित डिष्ट्रिक्ट गभर्नर लायन मिलन बाबु मल्लले आफ्नो कार्यकालका लागि डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरीमा लायन पुरुषोत्तम बस्नेत, क्याबिनेट ट्रेजररमा लायन देवी गुरुङ र चिफ एडभाईजरमा लायन कृष्ण प्रसाद शर्मालाई मनोनित गरे ।

साथै उनले आगामी वर्षका लागि आफ्नो थिम

» बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
वर्ष -१७, अंक- ३५, २०८२ साल बैशाख ९ गते मंगलबार (APR 22, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

# सम्पादकीय – – – –

## लोकतान्त्रिक साशन व्यवस्थाका तानाशाही प्रबृतिको अन्त्य होस् ।

नेपालमा २००७ साल फागुन ७ गतेलाई मान्ने हो भने लोकतन्त्र आएको ७४ वर्ष भयो । २००४६ साललाई मान्ने हो भने ३५ वर्ष भयो । गणतन्त्र स्थापना भएको समयलाई मान्ने हो भने १८ वर्ष भयो । यि ईतिहाँसहरू पढदा तथ्यहरू हेर्दा नेपालमा लोकतन्त्रको पूर्ण अभ्यास भईसकेको जस्तो भान हुने गरेको छ ।

तर नेपालमा हुने गरेका प्रशासनिक क्षेत्रवाट हुने गरेका मानवीय क्षेत्रमा गर्नुपर्ने कामहरू हेर्दा सन्तोषजनक देखिदैन । त्यो विशेष गरेर लोकतान्त्रिक पद्धती देश गईसकेको अवस्थामा राज्यको तर्फवाट नागरिकहरूमा गर्नुपर्ने जिम्मेवारीहरू लोकतन्त्रको अभ्यासहरू गरेको देखिदैन ।

२०६२/६३ जनआन्दोलन पछि रौतहटको गौरमा भएको साप्रादिक घटनामा हुन लागेको थाहा पाउदा पाउदै पनि राज्यले त्यहा दुवै पक्षका नागरिकहरूलाई संभावित दुर्घटना हुनवाट रोक्न थप कदम चाल्न सकेन उक्त सप्रदायिक घटनामा भालाले रोपेर समेत मानिसहरूको बिभत्सा हत्या भएको थियो । यस्तै टिकापुर घटनामा सुरक्षाकर्मीको बिभत्सा हत्या भएको थियो । यस्ता मानव विरोधी घटनाहरू द्वान्द्वकालमा भएपनि शान्ति प्रक्रियामा आईसकेपछि र लोकतन्त्रको अभ्यासमा नयाँ संविधान नै जारी गरेर नागरिकहरूको पूर्ण सुरक्षा गर्नुपर्ने कत्व्य पुरा हुन सकेको देखिदैन ।

हुदा हुदा नेपालमा आफ्ना अधिकार कुण्ठित भएको अन्याय भएको विषयमा माइतीघर मण्डला भन्दा अलिपर सरकारले ठाउनै छुट्याई दिएको छ । उक्त क्षेत्रमा कतिपय धर्ना बस्ने मानिसहरूलाई प्रहरीले उठाएर लिएर जाने र अनाआश्यक डर देखाएर स्वतन्त्र रूपमा नागरिकले प्राप्त गर्नुपर्ने अधिकार सम्बधित निकायमा पुयाएर दिलाउनुपर्ने ठाउँमा उल्टै राज्यको प्रहरी प्रशासनले दमन गरेको देखिन्छ । जसको पहुच र पार्टी छैन त्यस्ता नागरिकहरूको सुरक्षा, न्याय हुन सकेको छैन ।

त्यस्तै पछिल्लो समय बिभिन्न पार्टी, वादी लगायतले आन्दोलनको रूपमा प्रदर्शन गर्दा राज्यतर्फवाट भएका आन्दोलनकारीहरू माथि भएको व्यवहार र मानिस नै मार्ने गरी गोली प्रहारका घटनाले लोकतान्त्रिक व्यवस्थामा साशनसत्ता सञ्चालन गर्न पुगेका व्यक्तिहरूले लोकतान्त्रिक तानाशाहीको रूपमा विकास गर्न अफूलाई उदयमान नव तानाशाह बनाउदै लगेका छन् । यहि चैत्र १५ गते भएको राजावादीहरूको संयुक्त आन्दोलनको रिपोर्टिङ गर्न पुगेका एभिन्यूजका सुरेस रजक जिउदै जलाईनु उनको रिपोर्ट अहिलेसम्म संकास्पद रूपमा राखिनु आन्दोलनमा नै नगएका पसलमा सामान किन्दै गरेका विद्यार्थीलाई गोली लाग्नु घाइते भएका नागरिकलाई सरकारले सुलभ ढंगवाट उपचार गराउन नसक्नु शान्तिपुर्ण आन्दोलनमा आएका मानिसहरूमा गोली चलाउनु, राष्ट्रियगान बजिरहेको ठाउमा अश्रु ग्यास प्रहार गर्नु जस्ता घटनाहरूले लोकतान्त्रि गणतन्त्र व्यवस्थाका नेतृत्व गर्नेहरूले लोकतान्त्रिक तानाशाहको भुमिका देखाउन थालेका छन् ।

यस्ता प्रबृतिको विरूद्धमा नेपाली जनताले डटेर सामाना गर्दै आउदा दिनमा यस्ता लोकतान्त्रिक तानाशाही प्रबृति विरूद्ध एक ढिक्का भई परास्त गर्न सक्नुपर्दछ । त्यसकारण यस्ता प्रबृतिको अन्त्य गर्न जरूरी छ ।

# प्रशासक "एस म्यान" बन्दा विकृति



न्युज अफ नेपाल

" लोकतन्त्रका कर्मचारीले सेवा मात्रै होइन, जनतासमक्ष लोकतन्त्र नै वितरण गर्नुपर्छ भन्ने सिद्धान्त छ । यतिखेर यो सिद्धान्तको खोजी जनताले गरिरहेका छन् । 'डेलिभरी इन डेमोक्रेसी' भनिन्छ, त्यसैले यो डेलिभरी गर्ने प्रमुख निकाय भनेकै प्रशासनिक संयन्त्र हो । देशमा फैलिएको विकृति, विसंगति र विश्वासको संकटको मूलमा राजनीतिक नेतृत्वको कमजोरी र प्रशासनको पलायनवादिता छ । "

'शासन भनेको कानुनको शासन हो, व्यक्तिको होइन', अमेरिकी संविधानका पिता जेम्स मेडिसनको महत्वपूर्ण भनाइ हो यो । तर नेपालमा शासन प्रणाली अझै पनि व्यक्ति केन्द्रित र राजनीतिक आदेशमै केन्द्रित छ ।

लोकतन्त्रको तीन दशक बितिसक्दा पनि न प्रशासन स्वतन्त्र रहन सकिरहेको छ, न त राजनीतिक नेतृत्व दिग्दर्शक बन्न सकेको छ । विडम्बना त के भने, देशमा सुशासनको नारा दिनहुँ घन्किन्छ, तर व्यवहारमा विकृति, विसंगति र विवेकहीन निर्णयको दुर्गन्ध झन्-झन् फैलिँदै छ । मुलुक कुशासनको चक्रमा फसिरहेको छ ।

नेपालको शासन प्रणाली अहिले एक गम्भीर मोडमा छ । नागरिकका अपेक्षाहरू एकातिर छन्, राजनीतिक नेतृत्व र प्रशासनको कार्यशैली अर्कोतिर । लामो राजनीतिक संक्रमणपछि प्राप्त लोकतान्त्रिक अभ्यासले जनताको जीवनमा अपेक्षित परिवर्तन ल्याउन नसक्नुको मूल कारण के हो ? यसको उत्तर खोज्ने हो भने, हामी दुई प्रमुख जिम्मेवार तहसम्म पुग्छौं, राजनीतिक नेतृत्व र प्रशासकीय व्यवहार ।

आजको यथार्थ के हो भने, प्रशासकहरू राजनीतिक नेताको 'हुकुम पालक रोबोट' जस्ता बनिरहेका छन् । मन्त्रीले जे भने पनि त्यो कार्यान्वयन गर्नै पर्ने बाध्यता भएको छ, चाहे त्यो काम गलत होस् वा अनैतिक । यस्तो अवस्थामा प्रशासनले आफ्नो तटस्थता, व्यावसायिकता र जिम्मेवारी गुमाउँदै गएको छ । यो प्रवृत्तिले सरकारी सेवा प्रणालीमा नै गम्भीर असर पारिरहेको छ भने प्रशासन पनि जनतस्तरमा थप बदनाम बन्दै गइरहेको छ ।

दोस्रो पाटोमा, राजनीतिक नेतृत्व आफैँमा दिशाहीन देखिन्छ । नीति निर्माणको सट्टा अवसरवादी निर्णय, भागवण्डाको राजनीति र सत्ता टिकाउने खेलमा संलग्न भएका नेताहरूले देशको समृद्धिभन्दा व्यक्तिगत लाभमा ध्यान दिइरहेका छन् । परिणामस्वरूप, सुशासनको मर्म हराउँदै गएको छ । अब प्रश्न उठ्छ- यसको समाधान के हो ? मुख्यरुपमा सच्चिनुपर्ने त राजनीतिक नेतृत्व नै हो । प्रधानमन्त्री वा मन्त्री केवल दलको होइन, सम्पूर्ण जनताका प्रतिनिधि हुन् ।

उनीहरू विवेकशील, दूरदर्शी र उत्तरदायी हुन आवश्यक छ । आफू मातहतका प्रशासकबाट निष्पक्ष कामको अपेक्षा गर्ने हो भने, नेताहरू आफैँ पहिले आचरणमा अनुकरणीय हुनुपर्छ । तर नेपालमा राजनीतिक नेतृत्व सच्चिनु र वीरबलको खिचडी पाक्नु उस्तै-उस्तै हुन थालेको छ । त्यसैले अब सच्चाइको पारो प्रशासकतर्फ नै केन्द्रित हुनुपर्ने अवस्था आएको छ । किनकि प्रशासनलाई राष्ट्रसेवा गर्ने निकायको रुपमा हेरिन्छ र निजामती सेवामा रहेकाहरुलाई राष्ट्रसेवकको दर्जा दिँदै आइएको छ ।

अब उनीहरुले वास्तविकरुपमा राष्ट्रसेवकको रुपमा आफूलाई स्थापित गर्नुपर्ने बेला आएको छ । त्यसैले प्रशासकले अब आफूलाई केवल आदेशपालक नभई नीति-नियमको संरक्षकको रूपमा लिएर सोही अनुसार परिचालन हुनुपर्ने आवश्यकता बढेको छ । कानुनी हैसियतमा प्रशासनसँग शक्ति छ, त्यसको प्रयोग सही ढंगले हुनुपर्छ । गलत निर्देशनको प्रतिवाद गर्नुपर्छ भने असल निर्णयहरूलाई कार्यान्वयन गर्नुपर्छ । गलत प्रवृत्ति देखाउनेलाई कारबाहीको दायरामा ल्याउनुपर्छ, यही हो सच्चा प्रशासन र वास्तविक राष्ट्रसेवा ।

नेपालको राजनीतिक इतिहास हेर्ने हो भने, आन्दोलन धेरै भयो, परिवर्तन धेरै भयो, तर शासन प्रणालीमा आमूल सुधार भयो भन्न सकिने अवस्था आज पनि छैन । आजको नेपालमा न त राजनीतिक नेतृत्वमा विवेक बाँकी छ, न प्रशासनिक संयन्त्रमा आत्मबल । सत्तापक्षको आदेशपालक बन्न बाध्य प्रशासकहरू र राष्ट्रको दीर्घ हितभन्दा तत्कालीन स्वार्थमा केन्द्रित नेताहरूको मिलेमतोमा देशको शासन प्रणाली कोमामा पुग्न थालिसकेको छ ।

जवाहरलाल नेहरु भन्छन्, 'ब्युरोक्रेसी इज द स्पाइन अफ अ नेसन ।'

तर आज नेपालमा त्यो मेरुदण्ड ढल्किएको छ, झुकेको छ र कतै-कतै त नष्टै हुन थालेको छ । किन ? नेपालको संविधानले निजामती सेवालाई राजनीतिक प्रभावबाट मुक्त, मेरिटबेस, व्यावसायिक र निष्पक्ष बनाउने ग्यारेन्टी दिएको छ । तर हाम्रा प्रशासकहरू अझै पनि उच्च पदमा पुग्न राजनीतिक आशिर्वाद खोजिरहेका हुन्छन्, नेताहरुको कोठा-ढोकामा चहारिरहेका हुन्छन् । विवेकलाई बन्धकी राखेर जे गर्न पनि तयार हुने गरेका छन् ।

प्रशासनले कुनै वाद वा विचारको पक्षपोषण गर्नुहुँदैन । यी विषयहरु सैद्धान्तिक भए पनि आम कर्मचारी संयन्त्रले यो सिद्धान्तलाई व्यवहारमा उतार्न सकिरहेका छैनन् । बरु यसको ठीक विपरीत देखिने गरेको छ । अधिकांश प्रशासकहरु सत्य कुराको विषयमा राजनीतिक नेतृत्वसँग अडान लिन सक्दैनन् । अडान लिनुको साटो प्रशासनिक नेतृत्वमा रहने उच्च पदस्थहरु मन्त्रीको 'एस म्यान' बन्ने गरेका छन् । ठूला-ठूला किताबका ठेलीहरु कण्ठ पारेर, ज्ञानको अथाह भण्डारलाई आफूमा समाहित गर्दै प्रशासकको हैसियत बनाएकाहरु जाबो नाथे मन्त्रीको एस म्यान बन्न पुग्नु आज हाम्रो लागि निकै दुःखद र घोर विडम्बना भएको छ ।

विगतमा प्रशासन सुधारका लागि विभिन्न आयोगहरु बनाइयो तर ती आयोगले दिएका सुझावसहितका कैयौं प्रतिवेदनहरु सिंहदरबारका घर्रामा थन्किएर बसे । प्रशासन सुधार समितिहरुले दिएका प्रतिवेदनलाई कार्यान्वयनमा ल्याउन सकिएको भए शायद हाम्रो प्रशासनिक संयन्त्र निकै शक्तिशाली र प्रभावकारी बन्न सक्थ्यो तर त्यस्तो हुन सकेन । हाम्रा राजनीतिक नेतृत्वले कहिल्यै पनि प्रशासनलाई शक्तिशाली बनाउने हिम्मत गर्न सकेनन् । उल्टो आफ्नै छत्रछायामा राख्न खोजे । प्रशासनले त्यसमा आखा चिम्लेर साथ दियो र आफ्नै बदनाम गरायो ।

प्रशासनिक संयन्त्रमा रहेका कर्मचारीहरुले चाहेमा धेरै हदसम्म सुधार ल्याउन सकिन्छ । जनतालाई सेवा दिने विषयमा पनि कर्मचारीहरु संवेदनशील भएर लाग्न सके भने आम जनतामा उनीहरुकै साख बढ्न पुग्छ । त्यसैले प्रशासनिक संयन्त्रमा बसेकाहरुले अब जिम्मेवारी बहन गर्दा राजनीतिक मान्यताको प्रभावमा पर्नुहुँदैन । त्यसै गरी राजनीतिक नेतृत्वलाई सल्लाह दिँदा वस्तुगत भएर दिनुपर्छ भने राजनीतिक कार्यकारीलाई असल निर्णय गराउन उत्प्रेरित गर्नुपर्छ । त्यस्ता निर्णयहरुको कार्यान्वयन सशक्तरुपमा गराउनुपर्छ ।

विगतमा प्रशासनलाई एउटा गम्भीर आरोप पनि लाग्न पुग्यो । प्रशासनिक संयन्त्रमा रहेका उच्च अधिकारीहरु नेताजस्ता बन्न पुगेको आरोप उनीहरुमाथि छ । आगामी दिनमा त्यस्ता खाले आरोप आउन नदिन प्रशासनिक संयन्त्रमा रहेकाहरु संवेदनशील बन्न जरुरी छ । अब निष्क्रियता र एस म्यान प्रवृत्ति होइन, निर्भीकता चाहिन्छ । कानुनको बलमा प्रशासकीय स्वतन्त्रता सुनिश्चित गरिनुपर्छ ।

प्रशासकले मन्त्रीको आदेशभन्दा अगाडि कानुनी विवेक, नीति निर्देशिका र सार्वजनिक हितलाई आधार बनाउनुपर्छ । अहिले जस्तो बकबासपूर्ण मन्त्रिस्तरीय चिठी प्रणाली बन्द गरिनुपर्छ । प्रशासनले अब आफ्नो ध्यान 'सरकारप्रति उत्तरदायी' भन्दा 'जनताप्रति उत्तरदायी' बन्नमा केन्द्रित गर्नुपर्छ । सेवाको गुणस्तर, पारदर्शिता र परिणाममुखी प्रणालीको विकासमा ध्यान दिइनुपर्छ । राजनीतिक नेतृत्वले खराब कर्म गर्न लाग्दा प्रशासकहरुले त्यसमा अब्जेक्सन जनाउने र गर्न नदिने परिपाटीको विकास गर्नुको विकल्प छैन ।

अब निजामती कर्मचारीहरुले राजनीतिक प्रणालीले आत्मसात् गरेका मूल्य, मान्यता र असल राज्यले जनतालाई प्रदान गर्नुपर्ने सेवा-सुविधा तथा लाभहरु जनतालाई प्रभावकारीरुपमा वितरण गर्ने गरी आफ्ना सम्पूर्ण संयन्त्रहरु परिचालन गर्नुपर्छ । अहिलेको जटिल अवस्थामा नागरिकलाई सेवा दिन र राज्यका संयन्त्रहरुलाई कामयावी बनाउन पनि कर्मचारीको मुख्य नेताको रुपमा रहेका मुख्य सचिव र अन्य सचिवहरुको ठूलो भूमिका रहन्छ । राजनीतिक नेतृत्वमाथि चौतर्फीरुपमा प्रश्न उठिरहेको छ । यस्तो अवस्थामा जनतामा निराशाको मौनक्रान्ति शुरु हुन सक्छ । त्यस्तो अवस्था आउन किमार्थ पनि दिनुहुँदैन । राजनीतिक दलका नेताहरु जनताको अपेक्षा र चाहना पूरा गर्न असफल भइरहेको अवस्थामा कर्मचारी संयन्त्रले जनताको चाहनाअनुसार आफूहरुलाई परिचालित गर्नै पर्छ ।

लोकतन्त्रका कर्मचारीले सेवा मात्रै होइन, जनतासमक्ष लोकतन्त्र नै वितरण गर्नुपर्छ भन्ने सिद्धान्त छ । यतिखेर यो सिद्धान्तको खोजी जनताले गरिरहेका छन् । 'डेलिभरी इन डेमोक्रेसी' भनिन्छ, त्यसैले यो डेलिभरी गर्ने प्रमुख निकाय भनेकै प्रशासनिक संयन्त्र हो । देशमा फैलिएको विकृति, विसंगति र विश्वासको संकटको मूलमा राजनीतिक नेतृत्वको कमजोरी र प्रशासनको पलायनवादिता छ ।

अब प्रशासकहरूलाई समयले माग गरेको छ- अस्मिताविहीन बन्न छोड, विवेक र संविधानको मार्ग अनुशरण गर । र, नेताहरूलाई स्मरण गराऊ- तपाईंहरू जनताका मालिक होइन, प्रतिनिधि मात्र हो । राजनीतिक नेतृत्वले आफ्नो स्वार्थको लागि मन लाग्दी गरिरहेको अवस्थामा त्यसलाई रोक्ने काम प्रशासनबाट हुन थाल्यो, आहा कति राम्रो भयो भनेर आम जनता पनि कर्मचारीसँग अपेक्षा गर्न सक्ने अवस्था सिर्जना गर्नु अहिलेको प्रशासनको कर्तव्य र दायित्व हो । शासकहरुले सुशासनको राप जतिसुकै अलापे पनि जब राजनीति र प्रशासन दुवैले आफ्ना जिम्मेवारीबोध गर्छन्, त्यति बेला मात्र नेपालमा सुशासनको यात्रा सम्भव छ र विकासले गति लिन सक्नेछ ।

# आन्तरिक उडान र बेलहिया नाका बन्द गर्ने मेयर खाँको चेतावनी



**बुटवल–** गौतमबुद्ध विमानस्थलमा नियमित अन्तर्राष्ट्रिय उडानका लागि दबाब दिन आन्तरिक उडान र बेलहिया नाका दुई हप्ता बन्द गर्ने चेतावनी सिद्धार्थनगर नगरपालिकाका प्रमुख इस्तियाक अहमद खाँले दिएका छन् । उनले यही विषय स्थानीय उद्योगी व्यवसायी र संघसंस्थासँग समेत उठाएका छन् ।

सोमबार नगरपालिकामा भएको छलफलमा नगर प्रमुख खाँले आन्तरिक उडान बन्द गरेर प्रधानमन्त्री र मन्त्रीहरूलाई सडक मार्गबाट घण्टौं यात्रा गर्न बाध्य बनाए मात्रै उनीहरूको दिमाग खुल्ने धारणा राखे ।

अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि सुरुमा प्रधामन्त्री र सम्बन्धित मन्त्रालयमा डेलिगेसन, छलफल गरिने र बेवास्ता गरिए विभिन्न खालका आन्दोलनसहित दबाबमूलक कार्यक्रम गर्ने नगर प्रमुख खाँले बताए ।

'हाम्रो भिजन विमानस्थल चलाउने हो, एक्सनमा आन्तरिक उडान र बेलहिया नाका रोक्ने हो,'नगर प्रमुख खाँले भने,' आन्तरिक उडान बन्द गरौं, सबै प्लेन रोकौं, ट्राभल एजेन्टले १०-१५ दिन टिकट नकाट्ने यहाँबाट, प्रधानमन्त्री, मन्त्रीहरू गाडीबाट आउँछन्, बल्ल दिमाग खुल्छ ।' एक हप्ता जति बेलहिया नाका र भन्सार बन्द गरे मात्र 'बवाल' हुने नगर प्रमुख खाँले उल्लेख गरे ।

उनले प्रधानमन्त्री केपी शर्मा ओलीबाहेक अरु सबै मन्त्रीहरूले आफ्नो फोन रिसिभ गर्ने भन्दै नगरपालिकाको नेतृत्वमा एउटा प्रतिनिधिमण्डल विमानस्थल चलाउने विषयमा कुरा गर्न काठमाडौं जान निजी क्षेत्र र संघ-संस्थालाई आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्व केन्द्रीय सदस्य महेन्द्रकुमार श्रेष्ठले काठमाडौं बाहिर अन्तर्राष्ट्रिय उडान सञ्चालन भएमा आफ्नो व्यवसायमा ह्रास आउने भएकाले कुनै व्यवसायिक समूहले केही दलका नेता, सरकारका जिम्मेवार निकायलाई आफ्नो प्रभावमा पारेको दाबी गरे ।

'गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुन नदिने गिरोह काठमाडौंमा सक्रिय छ र यसका विरुद्ध संयुक्त आन्दोलनको खाँचो छ,'श्रेष्ठले भने । सिद्धार्थनगरकी उपप्रमुख उमा अधिकारीले विगतमा गरिएका दबाबमूलक कार्यक्रम सार्थक नभएकाले सिद्धार्थनगर नगरपालिकाको अगुवाइमा दबाबमूलक कार्यक्रम गर्नुपर्ने बताइन् ।

उद्घाटनको तीनवर्ष बित्न लाग्दासमेत गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय नियमित हुन नसकेपछि रुपन्देहीका स्थानीय सरकार, होटेल तथा पर्यटन व्यवसायीहरू निराश छन् ।

अन्तर्राष्ट्रिय विमानस्थललाई लक्षित गरेर तारे होटेलसहित पर्यटन व्यवसायमा भएको करिब एक खर्ब लगानीले प्रतिफल दिनुको साटो डुब्ने चिन्ता व्यवसायीमा छ ।

मंसिर पहिलो साता एक नेपाली र चार विदेशी वायुसेवा कम्पनी कतार एयरवेज, थाई एयर एसिया, फ्लाई दुबई, जजिराले उडान सुरु गरे पनि एक महिना नबित्दै 'भिजिबिलिटी' को समस्या र कतिपयले यात्रु अभावका कारण देखाउँदै उडान रोकेका थिए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले भिजिबिलिटीको समस्या समाधान गर्न आईएलएसको विकल्पमा आरएनपीएआर प्रविधि लागु गरेपछि मार्च २९ अर्था् गत चैत १६ गतेसम्म विमानस्थलमा चहलपहल बढेको थियो । तर अप्रिल १ देखि फेरि अन्तर्राष्ट्रिय उडान रोकिएपछि व्यवसायीहरू फेरि निराश छन् ।

अहिले नेपाल एयरलाइन्सले मात्रै साताको तीन अन्तर्राष्ट्रिय उडान गरिरहेको छ । विभिन्न बहानामा गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल नियमित सञ्चालन हुन नसकेपछि लुम्बिनी प्रदेशको निजी क्षेत्र आक्रोशित बनेको छ ।

वैदेशिक रोजगारीमा जान चाहने श्रमिकका लागि म्यानपावर कम्पनीका कार्यालयहरू र श्रम तथा स्वास्थ्य परीक्षण कार्यालयहरूको स्थापनाका लागि निजी क्षेत्रका तर्फबाट पटकपटक आग्रह गर्दा पनि सुनुवाइ हुन सकेको छैन ।

भैरहवा विमानस्थलबाट चढ्ने यात्रु पर्याप्त हुन नदिन काठमाडौं केन्द्रित ठूला ट्राभल एजेन्सीले अन्तर्राष्ट्रिय हवाई टिकटमा कार्टेलिङ गरेका, एयरलाइन्स कम्पनीहरूले भैरहवामा सम्पर्क कार्यालय पनि नखोलेका र स्थानीय ट्राभल एजेन्सीलाई टिकट काट्न पोर्टल खुला नगरेकाले ९५ प्रतिशत टिकट काठमाडौंबाटै बिक्री हुँदा गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा चल्न नदिइएको टुर तथा ट्राभल व्यवसायी चन्द्र थापाको गुनासो छ ।

पर्यटन व्यवसायी सञ्जय बजिमय भैरहवाबाट उडान गर्ने सबै एयरलाइन्सको टिकट काउन्टर र सम्पर्क कार्यालय विमानस्थलमा हुनुपर्ने, अनलाइन ई-भिसा र इन्टरनेसनल डिजिटल डाइरेक्ट पेमेन्ट प्रणाली हुनुपर्ने बताउँछन् । ट्राभल व्यवसायी सागर अधिकारीले विमानस्थल दिगो सञ्चालन गर्न बौद्धमार्गी बाहुल्य देशबाट भैरहवामा सिधा उडान हुनुपर्ने बताउँछन् ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहका अनुसार जजिरा एयरलाइन्स, फ्लाई दुबई र थाई एयर एसियाले 'समर शेड्युल' तय नगरेका कारण उडान बन्द भएको हो । जजिरा एयरलाइन्सले मे महिनाबाट उडान सुरु गर्ने आश्वासन दिएको उनले बताए ।

# तीनकुने प्रकरणबारे प्रहरीले थाल्यो आन्तरिक छानबिन



**काठमाडौं–** तीनकुनेमा राजावादी समूहले गरेको हिंसात्मक प्रदर्शनबारे प्रहरीले आन्तरिक छानबिन थालेको छ ।

तीनकुने प्रकरणमा प्रहरीको कमजोरीलाई लिएर प्रश्न उठिरहेका बेला त्यसबारे छानबिन गर्न उपत्यका प्रहरी कार्यालय, रानीपोखरीले समिति बनाएको हो ।

उपत्यका प्रहरीका एक अधिकृतका अनुसार, प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) शेखर खनालको नेतृत्वका गठित ७ सदस्यीय समितिले तीनकुने घटनाबारे छानबिन गरिरहेको छ ।

'यो विशुद्ध प्रहरीको आन्तरिक छानबिन समिति हो, यसमा प्रहरीतर्फबाट कुनै कमजोरी भए कि भन्ने विषयमा बुझ्ने काम हुन्छ', उनले भने, 'भोलिका दिन पनि त्यस्ता कमजोरी नदोहोरिउन् भन्ने हिसाबले समिति बनाइएको हो ।'

प्रदर्शनको सुरक्षा व्यवस्थापनमा उपत्यका प्रहरी कार्यालय, रानीपोखरी र जिल्ला प्रहरी परिसर, काठमाडौंबाटै कमजोरी भएको आरोप छ । 'विभिन्न तहमा कमजोरी भएका छन्, कसैलाई कारबाही गर्नेभन्दा पनि त्यसलाई सुधार्नुपर्छ भन्ने मुख्य उद्देश्य हो', ती अधिकृतले भने, 'फिल्डमा केही अमिल्दा विषयहरु पनि देखिएका छन्, त्यसबारे पनि जाँच हुन्छ ।'

१५ चैतमा दुर्गा प्रसाईं जनकमान्डर तोकिएको प्रदर्शनले हिंसात्मक रूप लिँदा दुई जनाको मृत्यु र गोली लागेर २० जना घाइते भएका थिए । निजी र सार्वजनिक सम्पत्तिमा तोडफोड समेत भएको थियो ।

प्रदर्शनका क्रममा प्रसाईं प्रहरीलाई नै किच्याउने गरी गाडी हुइँक्याउँदै निषेधित क्षेत्र तोडेर अगाडि बढेका थिए । उनी बागमती प्रदेश ०२७ च ३८४७ नम्बरको गाडीमा निषेधित क्षेत्र तोडेर भागेका थिए, केही अघि पुगेर नियन्त्रणमा परेका थिए । तर, केही बेरमै उनी फुत्किन सफल भएका थिए ।

केही समयपछि तीनकुनेबाट पेरिडाँडातिर जाने बाटोमा रहेको एक सटरमा लुकेका प्रसाईं त्यसपछि उम्किएर झापा हुँदै भारत प्रवेश गरेका थिए । प्रहरीलाई उनी भागेर बनेपा हुँदै पूर्वतिर लागेको सूचना समेत थियो । यद्यपि, उनी सीमासम्म पुग्न सफल भएका थिए । यी सबै विषयमा जाँचबुझ हुने अधिकृतहरू बताउँछन् ।

पछि प्रसाईंलाई प्रहरीले भारतको आसामबाट पक्राउ गरेर ल्याएको थियो । तीनकुनेमा हिंसा भड्काउन संलग्न भएको आरोपमा राप्रपा नेता रवीन्द्र मिश्रसहित प्रसाईं समूहका अरू सदस्यलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी परिसर, काठमाडौंले अनुसन्धान गरिरहेको छ ।

मिश्रसँगै पक्राउ परेका सांसद् धवलशमशेर राणालाई चाहिँ स्वास्थ्यको कारण देखाउँदै हाजिर जमानतमा छाडिएको छ ।

रामेछाप डायरी

# गौरीशंकर बहुमुखी क्याम्पस रामेछापको नयाँ भवन निर्माण भएसँगै फर्निचर व्यवस्थापन

गौरीशंकर बहुमुखी क्याम्पस रामेछापको नव निर्मित विद्यालय भवनमा नयाँ डेस्क बेन्च,सेतो पाटी र रोस्टम आईपुगेको छ । बाग्मती प्रदेश शिक्षा निर्देशनालयको ४ लाख ९३ हजार लागतमा खरिद गरिएका फर्निचरका सामाग्रीहरु कक्षाकोठामा राखिएको हो । क्याम्पस संचालक समितिका अध्यक्ष सन्देश घिमिरे,क्याम्पस प्रमुख प्रदिप कुमार श्रेष्ठ सहितको उपस्थितीमा फर्निचरका सामाग्रीहरु व्यवस्थापन गरिएको हो ।

क्याम्पस संचालक समितिका अध्यक्ष घिमिरेको अध्यक्षतामा संचालक समिति बनेको २ वर्ष भएको छ । यो अवद्धिमा भौतिक संरचना निर्माण र थप संरचनाको लागी पहलको काम भैरहेको छ । अब क्याम्पसमा विद्याथी संख्या बढाउनेगरी शैक्षिक गुणस्तरलाई ध्यान दिएर काम गर्ने अध्यक्ष घिमिरेले बताउनुभयो । पैसाको अभावमा पढ्न नसकेकाहरुलाई निशुल्क पढ्ने व्यवस्था गरिने उहाँले बताउनुभयो ।

४ कोठे भवन निर्माण सम्पन्न भएर फर्निचरको व्यवस्थापन भएपनि माथिल्लो तला निर्माणको लागी आगामी आर्थिक वर्ष बजेट विनियोजन भएर सो काम सम्पन्न भएपछि मात्रै क्याम्पसको पठनपाठन नयाँ भवनबाट संचालन हुने छ । सबै भवन निर्माण सम्पन्न भएर पठनपाठन संचालन हुन अझै १ वर्ष लाग्ने अध्यक्ष घिमिरेले बताउनुभयो ।







# महाकाली आवि मुडाजोरको नतिजा रामेछाप नगरपालिकाभरीमै उत्कृष्ट

रामेछापको रामेछाप नगरपालिका वडा नं ७ मुडाजोरमा रहेको महाकाली आधारभूत विद्यालयले नगरभरीमै उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ । २०८१ चैत्र महिनामा सम्पन्न भएको कक्षा ८ को वार्षिक परीक्षामा महाकाली आविले २० वटा विद्यालयलाई पछि पार्दै उत्कृष्ट हुन सफल भएको हो ।

नगरपालिकाले संचालन गरेको कक्षा ८ को वार्षिक परीक्षामा महाकाली आविले समग्रमा ३.०९ प्रतिशत जिपिए ल्याउन सफल भएको नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका प्रमुख नमराज प्रसाद बडूले जानकारी दिनुभयो ।

उहाँका अनुसार गंगालाल एकेडेमीले समग्रमा २.९२ जिपिए प्राप्त गर्दै दोश्रो स्थानमा रहेको छ । सितलादेवी मावि २.५५ जिपिए ल्याएर तेश्रो स्थानमा रहेको छ भने भूमेश्वरी आवि २.५३ जिपिए प्राप्त गर्दै चौथो स्थानमा रहेको छ ।

उत्कृष्ट नतिजा प्राप्त गर्न सफल महाकाली आविले हायु जातिका विद्यार्थीलाई हायु भाषा पनि पठनपाठन गराउँदै आएको छ । » बाकी ६ पृष्ठमा

# नेपाल बैंकका संचालकले ऋणीसँग घुस लिएको पुष्टि



**काठमाडौं–** नेपाल बैंक लिमिटेडका संचालक डा. चन्द्रबहादुर अधिकारीले ग्राहकलाई ऋण मिलाइदिन्छु भन्दै पैसा उठाएको पुष्टि भएको छ। आफ्नो छानबिनबाट अधिकारीले ऋणीसँग घुस लिएको पुष्टि भएपछि नेपाल राष्ट्र बैंकले कारबाहीको निर्णय गरेको छ।

अधिकारीलाई राष्ट्र बैंकको संचालक समितिले ५ लाख रुपैयाँ जरिवाना गराउने निर्णय गर्दै नेपाल बैंकमा पत्राचार गरेको छ। अधिकारी 'पैसा उठाएको काण्ड' बाहिरिनुअघि बैंकको अध्यक्ष थिए। काण्ड बाहिरिएपछि उनलाई अर्थ मन्त्रालयले यसअघि नै संचालकमा घटुवा गरेको थियो।

**कसरी खुल्यो घटना ?**

अधिकारी २०८० असोजमा नेपाल बैंकको अध्यक्षमा चयन भएका थिए। त्यसबेला बजारमा ऋण माग्नेको हाहाकार थियो। बैंकहरूसँग तरलता अभाव थियो, ब्याजदर उच्च थियो। ऋणीहरूले पुरानो ऋण तिर्न नयाँ ऋण लिन चाहिरहेका थिए।

त्यसैको मौका छोप्दै अधिकारीले केही इच्छुक ग्राहकहरूलाई सस्तो ब्याजमा ऋण मिलाइदिन्छु भनेर बचन दिए। अप्ठेरो समयमा बैंककै अध्यक्षले ऋण मिलाइदिन्छु भनेपछि उनीहरू विश्वस्त भए।

अधिकारीले ऋणको प्रकृया पूरा हुन केही समय लाग्ने भन्दै अहिले नै केही रकम आफूलाई दिन आग्रह गरे। तय भएको घुसको १०/२० प्रतिशतका दरले उनले उठाउन थाले। उनले त्यो पैसा आफ्नो खातामा लिएनन्, आफ्नो ड्राइभरको खातामा मागे।

तरलता अभाव थियो, सामान्य प्रपोजलमा ऋण दिने अवस्था थिएन। बैंक व्यवस्थापनले अध्यक्ष अधिकारीले ल्याएको फाइलमा ऋण नदिने निर्णय गर्‍यो।

ऋण मिलाइ दिन्छु भनेका अधिकारीलाई अग्रिम कमसिन दिएका ऋणीले ऋण पाउने अवस्था नभएपछि नेपाल राष्ट्र बैंकमा उजुरी गरे।

राष्ट्र बैंकमा ऋणीहरू पुगेपछि त्यहाँको गुनासो सुनुवाइ इकाइ 'एक्टिभ' भयो। राष्ट्र बैंकको सुपरिवेक्षण विभागलाई तत्कालीन गभर्नर महाप्रसाद अधिकारीले नेपाल बैंकमा खटाए।

करिब १२ दिन नेपाल बैंकमा स्थलगत अनुगमन गरेपछि पुष्टि भयो- अधिकारीले ऋण मिलाइ दिन्छु भनेर कमिसन लिएकै हो।

विभागले उनलाई कारबाही गर्नं पर्ने राय राष्ट्र बैंकको संचालक समितिमा पठायो। त्यहीबीचमा तत्कालीन गभर्नर महाप्रसादले अर्थमन्त्री विष्णु पौडेललाई नेपाल बैंकका अध्यक्ष अधिकारीले गरेको गड्बडी बारेमा बताइसकेका थिए। अर्थमन्त्री पौडेलले अधिकारीलाई अध्यक्षबाट हटाएर संचालकमा घटुवा गरिदिए।

राष्ट्र बैंकले बैंकिङ गतिविधि बाहिर गएर कमिसन मागेको भन्दै कारबाही किन नगर्ने भनेर अधिकारीसँग स्पष्टीकरण सोध्यो। उनले राष्ट्र बैंकमा स्पष्टीकरण बुझाउनुका साथै कमिसन बुझाएका भनिएका ऋणीको हस्ताक्षरसहितको पत्र पनि पठाए। ऋणी र अधिकारीको हस्ताक्षर रहेको नेपाली कागजमा लेखिएको पत्रमा ' हामीबीच कुनै लेनदेन नभएको र विवाद मिलिसकेको' व्यहोरा थियो।

अधिकारीको स्पष्टीकरणमा राष्ट्र बैंकले चित्त बुझाएन। आफ्नो अनुगमनका क्रममा अधिकारीले ड्राइभरको खातामा पैसाको कारोबार गरेको भेट्टाएको राष्ट्र बैंकले ५ लाख रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ।

अधिकारी कारबाहीस्वरुप संचालकमा घटुवा भइसकेको भन्दै राष्ट्र बैंकका केही संचालकहरूले थप कारबाही आवश्यक छैन भनेर अड्को थाप्न खोजेका थिए। तर, गभर्नरले कारबाही नगरे संस्थागत सुशासनमा समस्या आउने भन्दै ५ लाख जरिवाना गर्ने निर्णय सुनाए। सुरुमा असहमति राखेका संचालकहरूले पनि निर्णयमा हस्ताक्षर गरे।

पत्र भर्खरै नेपाल बैंकमा पुगेको छ। राष्ट्र बैंकले जरिवाना गराएपछि अधिकारीलाई सरकारले पदमुक्त गर्नंपर्ने हुन्छ। अधिकारी २०८० असोज २ गते अध्यक्ष हुँदा बैंकले थप उचाइ लिने आशासहितको विज्ञप्ति जारी गरेको थियो।

बेलायतको युनिभर्सिटी अफ रिडिङबाट अर्थशास्त्रमा पीएचडी गरेका अधिकारीले त्रिभुवन विश्वविद्यालयमा २५ वर्ष प्राध्यापन गर्नंका साथै यसअघि कृषि विकास बैंकको संचालकका रुपमा ४ वर्ष काम गरेका थिए। अधिकारीले कृषि विकास बैंकमा रहँदा पनि यसैगरी पैसा उठाएको उनलाई नजिकबाट चिन्नेहरू बताउँछन्।

# बुद्ध एयरको कोलकाता रुटमा कमब्याकको तयारी

**काठमाडौं–** बुद्ध एयरले ६ वर्षपछि पुनः काठमाडौं-कोलकाता उडान गर्ने भएको छ। एयर इण्डियाले हात झिकेपछि बुद्ध एयरले पुनः काठमाडौं-कोलकाता उडान गर्ने भएको हो।

कम्पनीका बिक्री तथा बजार निर्देशक रुपेश श्रेष्ठले आउँदो साउनभित्र कोलकातामा व्यावसायिक उडान गर्ने योजना अनुसार काम गरिरहेको बताए।

'हामीले ६ वर्ष अगाडि यो गन्तव्यमा उडान गर्दा एयर इण्डियासँग प्रतिस्पर्धा थियो। अब एयर इण्डियाले यो रुटमा उडान नगर्ने भएपछि हामीले व्यावसायिकरुपमा फाइदा हुने देखेर पुनः उडान सुरु गर्न लागेका हौं,' उनले भने।

बुद्ध एयरले सन् २०१९ मा काठमाडौं-कोलकाता रुटमा साताको ३ वटाका दरले ९ महिना उडान गरेको थियो। त्यतिखेर १० करोड रुपैयाँभन्दा बढी घाटा व्यहोरेको भन्दै कम्पनीले उडान बन्द गरेको थियो।

जोशीका अनुसार कम्पनीले कोलकातामा सुरुमा साताको ४ वटा उडान गर्ने योजना बनाएको छ। एयर इण्डियाले पनि साताको ४ वटा नै उडान गर्दै आएको थियो।

१५८ सिटे जहाजमा न्युनतम एकतर्फी लोड १२० हुँदै आएकामा एयर इण्डियाले दिल्लीमा केन्द्रित हुने भन्दै काठमाडौं-कोलकाता उडान बन्द गरिसकेको छ। यो रुटको उडान दूरी १ घण्टा २५ मिनेटको हो।




बुद्ध एयर कोलकातातर्फ एकतर्फी उडानका लागि न्यूनतम १४ हजार रुपैयाँ भाडा निर्धारण गर्ने तयारीमा छ। कम्पनीले अहिले बनारसमा नियमित व्यावसायिक उडान गर्दै आएको छ।

कोलकातापछि गुवाहटी, लखनउ लगायत गन्तव्यमा पनि उडान गर्ने योजना रहेको जोशीले बताए। 'ती सबै गन्तव्यमा दुईतर्फी व्यापार र पर्यटनको प्रचुर सम्भावना देखेका छौं,' उनले भने।

कोलकाता उडानका लागि बुद्ध एयर अन्तर्गत बुद्ध होलिडेजले भ्रमण प्याकेज तयार गर्ने जनाइएको छ।

# चामल आयातमा भन्सार घटाउन उद्योगीको माग

**काठमाडौं–** नेपाल चामल तेल दाल उद्योग संघले भन्सार महँगो हुँदा उद्योगीहरु समस्यामा परेको बताएको छ।

संघको सोमबार काठमाडौंमा भएको ४५औं वार्षिक साधारण सभामा संघका अध्यक्ष कुमुद दुगडले धान आयातमा ५ प्रतिशत र चामल आयातमा ९ प्रतिशत भन्सारका कारण उद्योगहरुलाई मार परेको बताए। चामल आयातमा १ प्रतिशतभन्दा भन्सार लगाउन नहुने उनको भनाइ छ।

नेपालबाट बासमती चामल निर्यातको सम्भावना देखाउँदै उद्योगीहरुले यसमा सहजीकरण गर्न उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग आग्रह गरे।

मन्त्री भण्डारीले उद्योगीहरुलाई कृषि उपज आयातभन्दा पनि उत्पादन बढाउनतिर लाग्नुपर्ने बताए। चामल लगायत खाद्यान्नमा देशलाई आत्मनिर्भर बनाउनका लागि आवश्यक सहयोग गर्न सरकार तयार रहेको उनको भनाइ छ।

# होटेल सारथी र सिटिजन्स क्यापिटलबीच प्राथमिक शेयर निश्कासनका लागि सम्झौता

**काठमाडौं–** होटेल सारथी प्रा.लि.र सिटिजन्स क्यापिटल लिमिटेडबीच आईपीओ जारी गर्ने प्रक्रियाका लागि जारी तथा निर्गमन प्रबन्धक नियुक्ति सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

होटेल सारथी, धुलिखेलमा आयोजित एक विशेष समारोहमा होटेलका कार्यकारी अध्यक्ष प्रल्हाद प्याकुरेल र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गर्नंभयो।



होटेल सारथीले जारी पुँजीको ३० प्रतिशतले हुन आउने १५ करोड रुपैयाँ बराबरको १५ लाख कित्ता साधारण शेयर जारी गर्नेछ आईपीओ जारीपश्चात कम्पनीको चुक्ता पुँजी ५० करोड रुपैयाँ पुग्नेछ। यस सम्झौतासँगै होटेल सारथी आर्थिक वर्ष २०८२र०८३ भित्र नेपालका पुँजी बजारमा सूचीकृत हुनेछ। यसबाट नयाँ लगानीकर्ताले होटेल तथा पर्यटन क्षेत्रको कम्पनीमा लगानीका लागि नयाँ अवसर पाउनेछन्।

२०७२ सालमा स्थापना भएको होटेल सारथी सुपरिचित पर्यटकीय गन्तब्य धुलिखेलमा रहेको स्थापित लक्जरी होटेल हो २०७६ चैत्रदेखि अपरेसनमा आएको होटलमा प्रेसिडेन्सीयल सुइट, सुइट, प्रिमियम तथा डिलक्स गरि ८०

वटा कोठा सञ्चालनमा रहेका छन् २० जनादेखि ४०० जनासम्मको क्षमता भएको ठुला-साना गरि ४ वटा सभा हल रहेको होटलको सातौं तल्लामा 'रुफटप इन्फिनिटी स्वीमिङ पुल विथ पुल बार' रहेको छ ।

यहाँबाट लाङटाङ हिमश्रृंखला र गौरीशंकर हिमालको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ।

# वाणिज्य बैंकले ४१.२५ अर्ब नाफा कमाए पनि लाभांश क्षमता ४.६८ अर्ब मात्रै

**काठमाडौं–** ९ महिनामा ४१ अर्ब २५ करोड रुपैयाँ मुनाफा कमाए पनि वाणिज्य बैंकहरुको लाभांश वितरण क्षमता भने निक्कै कमजोर देखिएको छ। २० वटा वाणिज्य बैंकको वितरणयोग्य मुनाफा जम्मा ४ अर्ब ६८ करोड रुपैयाँ मात्र छ।

आधा दर्जन वाणिज्य बैंक लाभांश वितरण गर्न नसक्ने अवस्थामा देखिएका छन्। चालु आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमास (चैत मसान्त)सम्म आधा दर्जन वाणिज्य बैंकको वितरणयोग्य मुनाफा ऋणात्मक छ।

राष्ट्रिय वाणिज्य, नेपाल इन्भेष्टमेन्ट मेगा, हिमालयन, एनआइसी एसिया, कुमारी र प्रभु बैंकको वितरणयोग्य मुनाफा ऋणात्मक देखिएको हो।

गत वर्ष सोही अवधिमा १० वटा बैंकहरुको वितरणयोग्य मुनाफा ऋणात्मक थियो।

गत आर्थिक वर्ष ९ महिनामा वितरणयोग्य मुनाफा ऋणात्मक रहेका माछापुच्छे, लक्ष्मी सनराइज, सिद्धार्थ, ग्लोबल आइएमई, एनएमबि र नेपाल बैंक यसपालि धनात्मक अवस्थामा पुगेका छन्।

९ महिनामा एभरेष्ट बैंकको वितरणयोग्य नाफा सबैभन्दा धेरै छ। चैत मसान्तसम्म बैंकको यस्तो नाफा ३ अर्ब ६७ करोड रुपैयाँ छ। पोहोर ९ महिनामा बैंकको वितरणयोग्य नाफा २ अर्ब ७५ करोड रुपैयाँ थियो।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सीइओ सुदेश खालिङ खराब कर्जा अनुपात न्यून विन्दुमा हुँदा वितरणयोग्य नाफा राम्रो देखिएको बताउँछन्।

'पोहोरको तुलनामा हाम्रो निष्कृय कर्जा अनुपात तल झरेको छ,' उनले भने, 'व्यवसाय पनि राम्रो छ। गत वर्षको तुलनामा यसपालि लगानी राम्रैसँग बढेकाले छ। जसकारण वितरणयोग्य नाफा बढी भएको हो।'

एभरेष्ट बैंकको खराब कर्जा ०.६४ प्रतिशत छ। पोहोर पहिलो ९ महिनामा एभरेष्टको खराब कर्जा ०.७१ प्रतिशत थियो।




वितरणयोग्य मुनाफा ग्लोबल आइएमई बैंकको ३ अर्ब ५४ करोड, नबिल बैंकको २ अर्ब ७८ करोड र सानिमा बैंकको २ अर्ब १९ करोड रुपैयाँ छ।

राष्ट्र बैंकले कर्जा नोक्सानी व्यवस्थाको सीमा घटाइदिएका कारण पनि त्यसले सकारात्मक प्रभाव परेको देखिन्छ।

राष्ट्र बैंकले मौद्रिक नीतिको दोस्रो त्रैमासिक समीक्षामार्फत बैंक तथा वित्तीय संस्थाहरुले असल वर्गमा भएको कर्जाको नोक्सानी १.१० प्रतिशतबाट १ प्रतिशतमा झारेको थियो। यो व्यवस्थाका कारण यसअघि धेरै प्रोभिजनिङ गरेका बैंकहरुले नाफा राइट गरेर वितरणयोग्य नाफा बढाएको देखिन्छ।

निर्माण क्षेत्रको कर्जा पुनर्संरचना र पुनर्तालिकीकरणको सुविधाले समेत सकारात्मक प्रभाव पारेको अर्का एक बैंकका सीइओले बताए। उनका अनुसार निर्माण क्षेत्रको कर्जा पुनर्संरचना र पुनर्तालिकीकरण सुविधाले पनि वितरणयोग्य नाफा बढेको उनको भनाइ छ।

'कर्जा असुलीमा सुधार भएको छ। नयाँभन्दा पनि पुरानो कारोबार मिलिरहेको छ,' ती सीइओले बिजमाण्डूसँग भने, 'कुनै कर्जा डिग्रेड भइसकेपछि पुनः असुली भएपनि ६ महिनासम्म असलमा वर्गिकरण नगर्नं भन्ने निर्देशन छ। गत मंसिरदेखि असारसम्म आम्दानीमा देखाउन पाइएको थिएन।अहिले प्रोभिजनिङ राइट ब्याक हुँदा नाफासँगै त्यसले वितरणयोग्य मुनाफा बढायो।'

# शिथिलताले सुस्ताएको निजी क्षेत्रको मनोबल बढ्यो

**काठमाडौं–** अर्थतन्त्रमा तीन वर्षदेखि देखिएको शिथिलताले लगानी विस्तार गर्न हिच्किचाइरहेको निजी क्षेत्रको मनोबल बढेको देखिएको छ।

नेपाल उद्योग परिसंघ (सीएनआई)ले विभिन्न ६४ उद्योगमा गरेको सर्वे निजी क्षेत्रको मनोबल बढेको देखाएको हो। सर्वे अनुसार चालु आर्थिक वर्ष दोस्रो त्रैमासमा सबैजसो सूचकमा सुधार देखिएको छ।



उद्योगहरुको सञ्चालन अवधि बढेको छ। उद्योगहरु ६२.३५ प्रतिशत क्षमतामा चलेका छन्। चालु वर्ष पहिलो त्रैमासको तुलनामा यो २ प्रतिशत बढी हो।

खासगरी उत्पादनमूलक उद्योगमा उल्लेख्य सुधार देखिएको छ। उत्पादनमूलक उद्योग ६८.७१ प्रतिशत क्षमतामा चलेका छन्। चालु वर्षको पहिलो त्रैमासमा यी उद्योग जम्मा ५०.६२ प्रतिशत क्षमतामा चलेका थिए।

क्षमताको ६२.३५ प्रतिशत संचालन गर्दा उद्योगहरुको व्यापार बढेको छ। उद्योगको आम्दानी १२.३३ प्रतिशतले बढेको हो। उत्पादनमूलक उद्योगको आम्दानी १०.९९ प्रतिशतले बढेको छ। पहिलो त्रैमासमा यस्तो वृद्धि ६.८ प्रतिशतमा सीमित थियो।

शिथिल अवस्थाबाट गुज्रिरहेको बजारमा वस्तु तथा सेवाको माग १९.६७ प्रतिशतले बढेको छ। माग ५० प्रतिशतसम्म खुम्चिएको तथ्यांक रहेको अवस्थामा यो वृद्धिबाट निजी क्षेत्र निक्कै उत्साही भएको छ। उद्योगहरुमा रोजगारी पनि बढेको छ।

सर्भेमा समेटिएका उद्योगमा १८ हजार ४९६ श्रमिक कार्यरत छन्। तीमध्ये ३२० श्रमिक चालु आर्थिक वर्षको दोस्रो त्रैमासमा भर्ना भएका हुन्।

सर्वेले सबैजसो सूचक सुधार भएको देखाएपछि सीएनआईका पदाधिकारीले बजार लयमा फर्किने क्रममा रहेको भन्दै खुशी व्यक्त गरेका छन्। सर्वे रिपोर्ट तयार भएपछि सीएनआई सचिवालयले पदाधिकारीहरुलाई बोलाएर प्रस्तुति गरेको थियो।

बजार मागदेखि उद्योगहरुको आम्दानी र सञ्चालन क्षमता बढ्नुलाई अर्थतन्त्र बाउन्स ब्याक हुने क्रममा रहेको भनेर उद्योगीहरु आशावादी भएका छन्।

उद्योगीहरुले लगानी विस्तारको योजना बनाएका छन्। ६२.५० प्रतिशत उद्योगले लगानी विस्तारको योजना बनाएका हुन्। लगानी विस्तार गर्न चाहनेहरु उत्पादनमूलक उद्योगभन्दा सेवा क्षेत्रतर्फका धेरै छन्।

## खेलकुद

### सिनियर संस्कार क्रिकेट : नारायण स्पोर्टस् र युथ अफ टीकापुर फाइनलमा




**धनगढी–** धनगढीको फाप्ला क्रिकेट मैदानमा सञ्चालन भइरहेको सिनियर संस्कार क्रिकेट प्रतियोगिताको फाइनलमा कञ्चनपुरको नारायण स्पोर्टस् क्लब र युथ अफ टीकापुर उपाधिका लागि भिड्ने भएका छन् ।

सोमबार सम्पन्न पहिलो सेमिफाइनलमा नेपाल वेस्टर्न एकेडेमी धनगढीलाई ४ विकेटले पराजित गर्दै कञ्चनपुरको नारायण स्पोर्टस् क्लबले फाइनल यात्रा तय गरेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको नारायण स्पोर्टस् क्लबले २० ओभर खेल्दै ६ विकेटको क्षतिमा २ सय १४ रन जोडेको थियो । २ सय १५ रनको लक्ष्य पछ्याएको नेपाल वेस्टर्न एकेडेमी १७ दशमलव ५ ओभरमा अलआउट हुँदै १ सय १९ रनमा समेटिन पुग्यो ।

सोमबार नै सम्पन्न अर्को सेमिफाइनलमा सायल गाउँपालिका डोटीलाई पराजित गर्दै युथ अफ टीकापुर फाइनलमा प्रवेश गरेको हो । सायलले दिएको १ सय ६ रनको लक्ष्य युथ अफ टीकापुरले १५ दशमलव ३ बलमा पूरा गर्दै फाइनलका लागि स्थान पक्का गरेको हो । प्रतियोगिताको फाइनल खेल मंगलवार हुनेछ ।

नारायण स्पोर्टस् क्लबका कप्तान लोकेन्द्र चन्दले आफ्नो टिममा अनुभवी खेलाडी रहेकाले जित सुनिश्चित भएको दाबी गरे । उनले बलिङ र ब्याटिङ दुवैमा आफ्नो टिमले उत्कृष्ट प्रदर्शन गर्ने बताए । यस्तै, युथ अफ टीकापुरका कप्तान डिकेन्द्र शाह आफ्नो टिमका खेलाडीको बलिङ सुरुदेखि नै कसिलो भएकाले जित पक्का भएको दाबी गर्छन् । ब्याटिङमा पनि सुधार हुँदै गएकाले आफ्नो टिम बलियो रहेको उनको भनाइ छ ।

प्रतियोगिता कैलाली र कञ्चनपुरका १३ टिमको सहभागितामा चैत ३० देखि सुरु भएको थियो । प्रथम टिमलाई १ लाख ११ हजार १११ र उपविजेतालाइ ५५ हजार ५५५ नगद पुरस्कार र ट्रफी प्रदान गरिने आयोजक कमेटीका अध्यक्ष रामचन्द्र शाहीले बताए । कैलालीको गोदावरी नगरपालिका–८ स्याउले स्थित संस्कार विद्याश्रमले सिनियर संस्कार क्रिकेट प्रतियोगिता आयोजना गरेको हो ।

### मदन भण्डारी तेक्वान्दोमा आयोजक ६ स्वर्णसहित अगाडि

**काठमाडौं–** आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमी 'ए' टिम मदन भण्डारी आमन्त्रित राष्ट्रिय तेक्वान्दो प्रतियोगिताको पहिलो दिन सोमबार ६ स्वर्ण जित्दै पदक तालिकाको शीर्षस्थानमा छ ।

ग्यारोगी र पुम्सेमा गरी ३६ स्पर्धा समावेश प्रतियोगिताको सोमबार २६ स्पर्धाको फाइनल सकिँदा आयोजक 'ए' ६ स्वर्ण जितेको हो ।

त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा भएको प्रतियोगितामा एब्सोलुट र श्रीनले २-२ स्वर्ण जितेका छन् ।

दुईदिने प्रतियोगितामा ४ सय ७९ खेलाडीको सहभागिता रहेको प्रतियोगिता संयोजक मनोज खड्गीले जनाएका छन् । शीर्ष तीन स्थानमा रहने टिमले क्रमशः १ लाख, ६० हजार र ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । उत्कृष्ट पुरुष/महिला खेलाडीले जनही ५ हजार पाउनेछन् ।




### 'शिक्षामन्त्री र प्रधानमन्त्रीको राजीनामा होइन, ऐन माग्न आएका हौं'

**काठमाडौं–** नेपाल शिक्षक महासंघकी सहअध्यक्ष नानुमाया पराजुलीले आफूहरू शिक्षामन्त्री र प्रधानमन्त्रीको राजीनामा माग्न नआएको बताएकी छिन् ।

शिक्षामन्त्री विद्या भट्टराईले राजीनामा दिएपछि सहअध्यक्ष पराजुलीले छोटो प्रतिक्रिया दिँदै विद्यालय शिक्षा ऐन जारी नहुनुमा शिक्षामन्त्रीको दोष नरहेको पनि बताइन् ।

'शिक्षा मन्त्रीलाई हामीले दोष लगाएका छैनौं । उहाँ सरल र गम्भीर हुनुहुन्थ्यो । असाध्य सकारात्मक र शिक्षकको माग सम्बोधन गर्ने सोचमा हुनुहुन्थ्यो,' उनले भनिन्, 'यतिको सालिम मन्त्री अब आउनु हुन्छ भन्ने लाग्दैन । सरकारसँग के भएर राजीनामा दिनुभयो थाहा भएन ।'

शिक्षा ऐन जारी गर्न माग गर्दै शिक्षकहरूले २० चैतदेखि काठमाडौंमा आन्दोलन गरिरहेका छन् ।

# सहमति नजिक निजामती विधेयक




**काठमाडौं–** संघीय निजामती सेवा विधेयकमाथि संसदीय समितिले करिब सहमति जुटाएको छ ।

प्रतिनिधि सभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाका अनुसार विधेयक सहमति नजिक पुगेको छ । अब बस्ने अर्को बैठकबाट निजामती विधेयक पारित गर्ने राज्य व्यवस्था समितिको तयारी छ ।

'प्रधानमन्त्रीसँग समन्वय गर्छौं । विपक्षी दलका नेता प्रचण्डसँग पनि कुरा भएको छ । उहाँ ११ गते काठमाडौं बाहिर हुने भएकाले १० गते बैठक राख्ने निधो गरिएको छ,' खतिवडाले भने ।

अर्थात् राज्य व्यवस्था तथा सुशासन समितिले प्रधानमन्त्री केपी शर्मा ओली, प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको उपस्थितिमा निजामती विधेयक टुंग्याउन लागेको हो ।

सभापति खतिवडाका अनुसार यही वैशाख १० गते बिहान ११ बजे समितिको बैठक बस्नेछ । उक्त बैठकबाट निजामती विधेयक पास गर्ने तयारी समितिको छ ।

नेपाली कांग्रेसका सांसद दिलेन्द्र प्रसाद बडूका अनुसार कुलिङ पिरियड बाहेकका विषयमा करिब सहमति जुटेको छ ।

'कुलिङ पिरियड राख्नेमा कसैको विमति छैन । कति वर्ष राख्ने भन्नेमा केही भिन्न मत रहेका छन् । यो एक बसाइमा टुंगिन्छ,' बडूले भने ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले निजामती कर्मचारीले अवकाश पाएको एक वर्षसम्म कुनै अर्को सरकारी वा संवैधानिक नियुक्ति नपाउने कानुनी व्यवस्थाको प्रस्ताव राखेको छ ।

'हाम्रो पार्टीको र मेरो प्रष्ट धारणा छ- कुलिङ पिरियड एक वर्ष राख्नुपर्छ,' सोमबार राज्य व्यवस्था समितिको बैठकमा एमाले सांसद रघुजी पन्तले भने ।

प्रमुख प्रतिपक्षी माओवादी केन्द्र भने कुलिङ पिरियड दुई वर्ष राख्नुपर्ने पक्षमा छ । माओवादी प्रमुख सचेतक हितराज पाण्डे भन्छन्, 'कुलिङ पिरियड दुई वर्ष राख्नुपर्छ । यसमा हामी प्रष्ट छौं ।'

नेपाली कांग्रेसका सांसदहरू भने एक वा दुई वर्ष जति राखे पनि हुने बताउँछन् । 'कुलिङ पिरियडको अभ्यास सुरुवात गर्न सकियो भने भविष्यमा बढाएर समेत लैजान सकिन्छ,' सांसद बडूको आग्रह छ ।

कांग्रेसकै सांसद हृदयराम थानी दुई वर्ष कुलिङ पिरियड राख्दा उचित हुने बताउँछन् । साथै कुलिङ पिरियडको प्रावधान सबैका लागि समान रुपमा लागू हुनुपर्ने पनि उनको आग्रह छ ।

उनी भन्छन्, 'न्यायाधीश र कुटनीति क्षेत्रमा कुलिङ पिरियड कम वा नलाग्ने र बाँकीका कुलिङ पिरियड रहने विषय उचित छैन । सबै नागरिक समान हुन । सबैलाई समान व्यवहार हुनुपर्छ ।'

कुलिङ पिरियड कति वर्ष राख्ने भन्ने बाहेकका सबैजसो विषयमा सहमति जुटेको कांग्रेस सांसद बडूले जानकारी दिए । सांसद बडू निजामती विधेयकमा सहमति जुटाउन गठित संसदीय उपसमितिका संयोजक समेत हुन् ।

उनका अनुसार ट्रेड युनियनको विषयमा रहेको विवाद हल भएको छ । हाल रहेकै जस्तो ट्रेड अधिकार कर्मचारीले निरन्तर पाउने गरी कानुन बनाउने विषयमा सहमति जुटेको छ ।

प्रदेश सचिव प्रदेश निजामती सेवाकै हुने भएको छ । तर, दश वर्षसम्म संघबाट प्रदेश सचिव खटाउन सक्नेगरी ऐन बनाइने भएको छ ।

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत प्रदेश निजामती सेवाको हुने भएको छ । तर, यो पदमा पनि संघले दश वर्षसम्म कर्मचारी खटाउने गरी ऐन बन्ने भएको छ ।

अन्तरतह र अन्तर प्रदेश सरुवाको विषयलाई पनि खुला राखिने भएको छ । कुनैपनि स्थानीय तह वा प्रदेशमा कार्यरत कर्मचारी अर्को स्थनीय तह वा प्रदेशमा सरुवा हुनका लागि सरुवा हुन चाहेको व्यक्ति साथै सरुवा भएर जान जाहेको तह वा प्रदेश सहमत भएको खण्डमा त्यस्तो ठाउँ र पदमा सरुवा हुन सक्ने प्रावधान राखिने भएको छ ।

व्यवहारिक समस्या समाधान गर्नका लागि यस्तो व्यवस्था राखिएको समितिका सदस्यहरू बताउँछन् ।

यस्तै, उपसचिवसम्म मात्रै खुला प्रवेश रहने भएको छ । सेवा प्रवेशका लागि अधिकतम उमेर पुरुषको हकमा ३५ र महिलाको हकमा ३९ वर्ष कायम हुनेछ ।

सरकारले अधिकृत तहको पदमा प्रवेश गर्न २१ वर्ष पूरा भएको हुनुपर्ने तर पुरुषको हकमा ३२ वर्ष ननाघेको र महिलाको हकमा ३७ वर्ष पूरा नभएको हुनुपर्ने प्रस्ताव गरेको थियो ।

संसदीय उपसमितिले यसलाई बदलेर पुरुष उम्मेदवारले ३५ वर्षसम्म लोकसेवाको अधिकृतमा प्रतिस्पर्धा गर्न पाउने प्रचलित व्यवस्थामै सहमति गरेको छ । महिलाको हकमा यस्तो उमेर ३९ कायम हुनेछ । हाल महिलाको हकमा यस्तो उमेर ४० वर्ष छ ।

सांसद बडूका अनुसार ४० वर्षमा लोकसेवा आयोगको परीक्षा पास गरेर स्टाफ कलेजको तालिम लिने लगायतमा केही समय व्यतित हुँदा त्यसले अवकाशमा गएपछि पेन्सनमा परेको असरलाई ख्याल गरेर महिलाको हकमा सेवा प्रवेशको अधिकतम उमेर ३९ वर्ष कायम गरिएको हो ।

संसदीय समितिले महिलाभित्र पनि समावेशी कलस्टरअनुसार सेवा प्रवेशको अवसर खुला गरेको छ ।

विधेयकको प्रतिवेदनअनुसार खुलामा ५१ र समावेशीतर्फ ४९ प्रतिशत कायम हुनेछ । समावेशीतर्फको ५० प्रतिशत महिलाको कोटा हुनेछ । महिलाको कोटाभित्र पनि समावेशी कलस्टरअनुसार सेवा प्रवेशको अवसर दिन लागिएको हो । यो निजामतीमा गर्न लागिएको नयाँ अभ्यास हो ।

संविधान कार्यान्वयनसँग समेत जोडिएको यो विधेयक २१ फागुन २०८० मा प्रतिनिधिसभामा दर्ता भएको थियो । संविधान जारी भएको एक दशकसम्म पनि स्थायी सरकारको रुपमा लिइने निजामती कर्मचारीसम्बन्धी ऐन बन्न नसकेको भनेर आलोचना हुँदै आएको छ ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा राज्य व्यवस्था समितिले पारित गरेर सभामा लगे तापनि अगाडि बढ्न सकेको थिएन । यसपटक त्यस्तो हुन नदिने सांसदहरूको प्रतिवद्धता छ । यस निम्ति समितिबाट विधेयक पारित गर्दा राज्य व्यवस्था समितिले प्रधानमन्त्री ओली र प्रमुख प्रतिपक्षी दल माओवादीका अध्यक्ष प्रचण्डको उपस्थिति खोजेको छ ।

# बिजुलीले उज्यालिएको बिच्छयाँबासीको मुहार



**बाजुरा–** बाजुराको दुर्गम हिमाली गाउँपालिका (साविक बिच्छयाँ गाविस) बिजुली बत्तीले झिलिमिली भएको छ । हिमाली गाउँपालिका १, २ र ३ नम्बर वडाका ६ सय ८२ घरधुरीमा बिजुली पुगेपछि स्थानीयको अनुहार नै उज्यालो भएको छ ।

अँध्यारोमा बस्दै आएका गाउँले बिजुली बलेपछि खुसी भएको स्थानीय छक्कलाल थापाले बताए । वर्षौंदेखि झरोको उज्यालोमा बस्न बाध्य स्थानीयवासीलाई नयाँ वर्षको सुरुवातसँगै गाउँमा बलेको बिजुलीले उज्यालो दिएको हो ।

पुस्तौंदेखि अन्धकारमा बस्दै आएको गाउँ अहिले पूरै झिलिमिली भएको गाउँपालिका अध्यक्ष गोविन्द्रबहादुर मल्ल बताउँछन् । गाउँपालिकाले कादुरी एग्रिकल्चरल एन्ड एसोसियन ब्रिटिस गोर्खाज् नेपाल संस्थासँगको सहकार्य तथा सहयोगमा गाउँमा बिजुली बालेको अध्यक्ष मल्लले बताए ।

हिमाली गाउँपालिका- २ मा नातिखोला लघु जलविद्युत् आयोजनामार्फत बिजुली उत्पादन भएको हो । कादुरी एग्रिकल्चरल एन्ड एसोसिएसन ब्रिटिस गोर्खाज् नेपालका प्राविधिक निर्देशक डा. नारायण गुरुङका अनुसार १ किलोवाट क्षमताको यो आयोजना झन्डै १४ करोड ५५ लाखमा सम्पन्न भएको हो ।

एक वर्षअघि सुरु भएको आयोजनाको काम यो वर्ष सम्पन्न गरी बिजुली बालिएको हो । स्थानीय रूपमा सबभन्दा ठूलो यो परियोजना समुदायलाई हस्तान्तरण गरिएको छ ।

दुर्गम वस्तीमा बिजुली बाल्न संस्थाले हेलिकप्टरमार्फत हुम्लाको जिबानाबाट बिच्छयाँका गाउँगाउँसम्म सामान ढुवानी गरिएको थियो । जिबानासम्म यातायातको साधनमार्फत सामान ढुवानी गराएको थियो ।

बिच्छयाँ झिलिमिली भएसँगै हिमाली गाउँपालिका-५ क्युडी गाउँका १ सय २० परिवारमा पनि दशैंभित्र बिजुली बाल्ने तयारी छ ।

बिच्छयाँको गरिबी, दुर्गम अवस्था र त्यहाँ विकास नपुगेका विषयमा सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि कादुरी एग्रिकल्चरल एन्ड एसोसिएसन ब्रिटिस गोर्खाज् नेपालले काम गरेको थियो ।

यहाँको बिजोग अवस्थाका बारेमासमाचार आएपछि यहाँ पुगेको संस्थाका प्राविधिक निर्देशक डा. नारायण गुरुङले बताए । यो भन्दा पहिला गौमुल गाउँपालिकामा बिजुली बालेका थियौं । संस्थाले नेपालका विकट ठाउँमा पुगेर काम गरिरहेको गुरुङले बताए ।

बिच्छयाँ पुग्न बाजुराको सदरमुकाम मार्तडीबाट ३ दिन बढी समय लाग्छ ।

यो ठाउँमा राष्ट्रिय प्रसारण लाइन पुग्नसक्ने कुनै सम्भावना थिएन्, संस्थाले बिजुली बाल्न सहयोग गरेपछि यो उपलब्धि हासिल भएको हिमाली गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजबहादुर भण्डारी बताउँछन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३५, २०८२ साल बैशाख ९ गते मंगलबार (APR 22, 2025)

पृष्ठ १ बाट जारी

**नेपालको गभर्नर...**

"Respect Each Other एक अर्कालाई सम्मान गरौं" र आफ्ना मुख्य कार्यक्रमहरुको बारेमा समेत जानकारी गराए ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधान न्यायाधिश कल्याण श्रेष्ठले नेपालमा लायन्स क्लबले गरेका सामाजिक कार्यको चर्चा गरे । त्यस्तै विशेष अतिथि तथा मुख्य बक्ताको रुपमा उपस्थित महानायक राजेश हमालले सबैले यो धर्तीमा हामी किन छौं भन्ने कुरा मनन गरे मानव जीवनको कल्याण हुने बताए ।

उनले आफू सक्षम बनेर कमसेकम अर्को एक जना व्यक्तिको मुहारमा खुशी ल्याउन सबैलाई आग्रह गरे ।

हालका डिष्ट्रिक्ट गभर्नर लायन मिलन थापाले नवनिर्वाचित डिष्ट्रिक्ट गभर्नर लगायत पुरै टिमलाई बधाई दिँदै डिष्ट्रिक्ट ३२५ जे लाई सधैं सफल डिष्ट्रिक्टको रुपमा चिनाउँदै सामाजिक कार्यहरु गर्न आग्रह गरिन् ।

कार्यक्रममा उनले डिष्ट्रिक्टमा राम्रा कार्य गर्ने लायन्स लिडरहरुलाई प्रशंसा पत्र तथा मेडलबाट सम्मान गरिन् ।

कन्भेन्सनका अवसरमा लायन्स लिडर लायन बोध बहादुर राउतक्षेत्री र सगरमाथा आरोहण गर्ने लायन्स लिडर विष्णु प्रसाद भुसाललाई सम्मान गरिएको थियो ।

डिष्ट्रिक्ट ३२५ जे नेपालका करिब ७०० भन्दा बढी लायन्स लिडरहरुको उपस्थिती रहेको कार्यक्रम लायन्स क्लब अफ काठमाडौं बनस्थलीले होस्ट गरेको कन्भेनर तथा डिष्ट्रिक्टका पिआरओ इन चिफ लायन रामराजा थापाले जानकारी दिए ।

पृष्ठ १ बाट जारी

**शिक्षकहरु आन्दोलनमा...**

थ्रेट भएको छ । राजावादी फर्काउने अभियानमा लाखौंको भीड देखिएको छ । विभिन्न पेशा, व्यवसायहरुका संगठनहरु आन्दोलित छन् । यि यस्तै घटनाहरुले अहिलेको अवस्थामा निर्वाचित प्रनिनिधिहरुप्रति जनता सन्तुष्ट छैन भन्ने देखाउछ ।

यसको मुख्य कारण परिवर्तनको नाममा २००७ सालदेखि अहिलेसम्म बनेका नीति, नियममा गर्नुपर्ने सुधारहरुको काम काही कुनैपनि जनतामुखी नभएको र झण्झटिलो, भएको हुनाले जनतामा विश्वास गुमेर देश छोड्न बाध्य भएको देश खाली भएको अरु देशको तुलनामा नेपाल परनिर्भर हुँदै गएको आफ्नो आत्मनिर्भरता घट्दै गएको जस्ता समस्याले विस्तारै देशको अर्थतन्त्रमा समेत असर पर्न थालेको हुनाले नागरिकहरुले प्रणालीमा आमुल परिवर्तन खोजेको देखिन्छ ।

अहिले शिक्षा ऐनको विषयले प्रथामिकता पाएको छ । त्यस्तै निजामती ऐन पारित हुन सकेको छैन । अहिलेपनि विभिन्न ऐन कानूनहरु नेपाली नागरिकहरुलाई अधिकार दिने विषयमा कुनै कामहरु हुन सकेका छैनन् । संसारमा पहिलो मानिस हो । मानिसले सुविधा पाउने विषय प्रथामिकता हुनुपर्छ । तर ५० औं वर्ष अगाडी खोरिया फाडेर जमिन जोत्ने किसानको खेत वनको परयो भन्दै रुख रोप्ने देश नेपाल हो । जंगली जनावार संरक्षण गर्ने नाममा बाघ पालेर मानिस मार्ने देश पनि नेपाल नै हो । त्यसैले जंगलमा सुकेका काठ समेत कुहाएर विदेशी काठका कुर्सी टेवल किन्ने देश पनि नेपाल नै हो । अन्न उत्पादन हुने खेतमा वन बढाएर, कतै प्लटिङ गरेर जनतालाई उठिबास लगाउने देश पनि नेपाल नै हो । जनताले प्रयोग गर्ने जंगलमा उपभोक्ताको नाम राखेर संगठन खोली अनेक झमेला निकाल्न लगाएर जनतालाई आफ्नै देशको काठबाट बञ्चित गर्ने देश नेपाल नै हो । यस्ता सुधार गर्नुपर्ने विषयहरु काही पनि सुधार नगरेर जनतालाई दुःख दिने चलनले निम्त्याएको आक्रोस एकपछि अर्को गर्दै बढ्दै गएको छ । यस्ता समस्याहरुलाई समयमा नै सावधान गरेर देशको विग्रेका तरिकालाई सुधारने गरी कदम नचाल्ने हो भने नेपालको विकासमा शब्दमा मात्र रहने छ । परिणाममा निरासा मात्रै । त्यसैले जो जो जहाबाट जस्ले सुधार गर्न सक्ने काम जति सुधार गरेर नेपालको नेपाली मानिसले पहिला सुविधा पाउनुपर्छ । नेपाली नागरिकहरुले सुविधा लिनुपर्ने विषयमा ऐन कानूनमा समस्या छन् भने तुरुन्तै परिवर्तन गरेर भएपनि सेवा दिनुपर्छ ।

पृष्ठ ३ बाट जारी

**महाकाली आवि...**

विद्यालयले हिउँदे तथा बर्खे बिदामा समेत नियमित कक्षा संचालन गर्ने गरेको छ । विद्यालयले हप्ताको ५ दिन शुक्रबार बाहेक अन्य दिन बिहान ८ बजेदेखी दिउँसो ५ बजेसम्म नियमित कक्षा संचालन गर्दै आएको छ ।

जनप्रतिनिधी,अभिभावक,शिक्षक,विद्यार्थी लगायत सरोकारवाला सबैको साथ,सहयोग,समन्वय र सहकार्यले विद्यालयले उत्कृष्ट नतिजा ल्याउन सफल भएको विद्यालयका प्रधानाध्यापक राम बहादुर घिसिङ्गले बताउनुभयो । अहिले देशभरका शिक्षकहरु पठनपाठन ठप्प पारेर विभिन्न माग सहित राजधानी केन्द्रित आन्दोलनमा गएको भएपनि महाकाली आविमा भने नियमित कक्षा संचालन भैरहेको छ ।

कक्षा ८ मा ३.९१ जिपिए सहित अन्जली श्रेष्ठ प्रथम

नगरपालिकाभरीमै कक्षा ८ को परीक्षामा ३.९१ जिपिए सहित जनता माविकी छात्रा अन्जली श्रेष्ठ प्रथम हुनुभएको छ । ३.८९ जिपिए सहित महाकाली आविका छात्र विवस कार्की द्धितिय हुनुभएको हो । ३.८७ जिपिए सहित गंगालाल एकेडेमिका छात्रा जेनिशा शाही तृतिय हुनुभएको हो । ३.८६ जिपिए सहित गौरी शंकर माविकी छात्रा राशी श्रेष्ठ चौथो हुनुभएको हो ।

कक्षा ५ को परीक्षामा गंगालाल एकेडेमीको उत्कृष्ट नतिजा

रामेछाप नगरपालिकाभरीमै कक्षा ५ को परीक्षामा गंगालाल एकेडेमीले उत्कृष्ट नतिजा प्राप्त गरेको छ । गंगालाल एकेडेमीले ३.८६ जिपिए प्राप्त गरेको हो । गौरीशंकर माविले ३.२६ जिपिए र श्री जनता आविले ३.१४ जिपिए प्राप्त गरेको नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका प्रमुख नमराज प्रसाद बडूले जानकारी दिनुभयो ।

कक्षा ५ मा गौरीशंकर माविका विद्यार्थीको उत्कृष्ट नतिजा

रामेछाप नगरपालिकाले संचालन गरेको कक्षा ५ को परीक्षामा गौरीशंकर माविका विद्यार्थीले उत्कृष्ट नतिजा ल्याएका छन । ३.८९ जिपिए सहित गौरीशंकर माविकी छात्रा शिखा मोक्तान प्रथम हुनुभएको छ ।

३.८४ जिपिए सहित गौरीशंकर माविकी छात्रा विविसा भुजेल दोश्रो,३.८१ जिपिए सहित गौरीशंकर माविकै छात्राहरु दिपशना आले मगर र दिपशिखा कार्की तेश्रो हुनुभएको हो । रामेछाप नगरपालिकाले कक्षा ५ र ८ को वार्षिक परीक्षा संचालन गर्दै आएको छ ।

विगतको वर्षहरुमा भन्दा यस वर्ष सबै विद्यालयको नतिजा सुधारउन्मुख रहेको नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका प्रमुख बडूले बताउनुभयो ।


## आगलागीबारे चनाखो बनौ

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक भएको छ/छै न, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं । जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याक्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,

आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


## अन्तराष्ट्रिय

# हुथीविरुद्धको सैन्य योजना पत्नी र भाइसँग सार्वजनिक गरेपछि अमेरिकी रक्षामन्त्री विवादमा



**वासिङटन–** यमनस्थित विद्रोही समूह हुथीविरुद्धको सैन्य कारबाहीको रणनीतिक योजनाबारे परिवारका सदस्यसँग गरेको च्याट बाहिरिएपछि अमेरिकी रक्षामन्त्री पिट हेगसेथ विवादमा तानिएका छन् ।

हेगसेथले यमनमा गर्न लागिएको अमेरिकी हवाई आक्रमणबारेका विवरण समाजिक सञ्जाल सिग्नलको समूहमा सार्वजनिक गरेका थिए । सिबिएस न्युजका अनुसार उक्त समूहमा उनकी पत्नी, भाइ र व्यक्तिगत वकिल सदस्य थिए ।

१५ मार्चमा पठाइएका सन्देशमा हुथीलक्षित आक्रमण गर्ने जिम्मेवारी दिइएको 'एफ/ए-१८' होर्नेट्सको उडान तालिका समावेश थियो । उक्त समूहमा हेगसेथकी पत्नी जेनिफर रहेकी छन् । फक्स न्यूजकी पूर्व निर्माता जेनिफर हाल रक्षा विभागको कुनै आधिकारिक भूमिकामा छैनन् ।

यसअघि वाल स्ट्रिट जर्नलले जेनिफर आधिकारिक विदेश यात्राहरूमा रक्षामन्त्रीसँग सामेल भएको र अन्तर्राष्ट्रिय नेताहरूसँग उच्च-स्तरीय बैठकमा भाग लिएको समाचार सार्वजनिक गरेको थियो । त्यसपछि उनको कडा आलोचना भएको थियो ।

त्यस्तै च्याट समूहमा हेगसेथका भाइ फिल हेगसेथ र रक्षामन्त्रीका लामो समयदेखिका व्यक्तिगत वकिल टिम पार्लाटोर पनि रहेका छन् । दुवै जना पेन्टागनमा पदमा रहेका भए पनि दुवैलाई रणनीतिक सैन्य योजनाबारे अग्रिम जानकारी आवश्यक नपर्ने अमेरिकी सञ्चार माध्यमहरूले जनाएका छन् ।

यसअघि हेगसेथ सदस्य रहेको अर्को सिग्नल समूहमा गोप्य योजना सार्वजनिक भएको थियो । उक्त समूहमा 'द एट्लान्टिक'का प्रमुख सम्पादक जेफ्री गोल्डबर्ग पनि सदस्य थिए । त्यसलगत्तै वरिष्ठ अधिकारीहरूले संवेदनशील सैन्य जानकारी कसरी ह्यान्डल गर्छन् भन्ने विषयमा व्यापक चासो र चिन्ता उत्पन्न भएको थियो ।

# भारत उत्रिए अमेरिकी उपराष्ट्रपति भेन्स

**नयाँदिल्ली–** अमेरिकी उपराष्ट्रपति जेडी भान्स भारतको पहिलो आधिकारिक भ्रमणका लागि सोमबार भारत आइपुगेका छन् । उपराष्ट्रपति भेन्स चार दिने भ्रमणका क्रममा सोमबार दिउसो नयाँदिल्लीको पालम विमानस्थलमा अवतरण गरेका हुन् ।

पत्नी उषा र छोराछोरीका साथमा भारत उत्रिएका भेन्सलाई भारतका केन्द्रीय मन्त्री अश्विनी वैष्णवले विमानस्थलमा स्वागत गरे । उपराष्ट्रपति भेन्स परिवारले आजै अक्षरधाम मन्दिर भ्रमण गर्ने कार्यक्रम तय भएको मन्दिरकी प्रवक्ता राधिका शुक्लाले बताएकी छन् ।

भेन्सले सोमबार साँझ ६:३० बजे भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई उनकै निवासमा भेट्ने कार्यक्रम छ । भेटवार्तामा आर्थिक सहयोग, रक्षा सहयोग र द्विपक्षीय व्यापार सम्बन्ध लगायतका विभिन्न सवालमा छलफल हुने अपेक्षा गरिएको छ । ग्क ख्अभ एचभकष्मभलत ख्बलअभ अकभ तय क्ष्लमष्ब

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले गत साताको मिडिया ब्रिफिङमा दुई देशबीच विश्वव्यापी रणनीतिक साझेदारी रहेको उल्लेख गर्दै सबै सान्दर्भिक सवालमा छलफल हुने र सम्बन्ध थप प्रगाढ हुने बताएका थिए ।

नयाँदिल्ली भ्रमणपछि भेन्स परिवारले मंगलबार जयपुर र बुधबार आगरा भ्रमण गर्ने तालिका छ । भारतीय विदेश मन्त्रालायका अनुसार भेन्स बिहीबार अमेरिका फर्कनेछन् ।

पृष्ठ १ बाट जारी

**शिक्षामन्त्री...**

मन्त्री भट्टराईले शिक्षकसँगको सहमतिका लागि ७ बुँदे प्रस्ताव समेत तयार पारेकी थिइन् ।

ईसीडीका शिक्षकको तलब १७ हजार ३०० बनाउने, सामाजिक सुरक्षा कोषको नयाँ प्याकेज बनाउने, दुर्गम भत्ता उपलब्ध गराउने, ग्रेड समायोजन, मर्यादा क्रम कायम गर्ने, हाललाई निजामती अस्पतालबाट शिक्षाको उपचारमा छुटको व्यवस्था लगायतका विषय उनको ७ बुँदामा तयार थिए ।

यसबारे मन्त्री भट्टराई आजैको मन्त्रिपरिषदमा लगेर शिक्षकको समस्या समाधान गर्नेगरी सोचेकी पनि थिइन् । यद्यपि, लगातारका दबाब थेग्न नसक्दा राजीनामा दिने अवस्थामा पुगेको मन्त्रालयका उनी निकट एक अधिकारीले दाबी गरे ।

तर मन्त्री भट्टराईले आफ्नो राजीनामाको अन्य कारण भने सार्वजनिक गरेकी छैनन् । भट्टराईले आफू निकटस्थहरूसँग केही दिनदेखि काम गर्न कठिन भएको गुनासो गरिरहेकी थिइन् ।

# बैंकिङ प्रणालीमा तरलता थुप्रिादा आधार दर ५ प्रतिशतमा आइपुग्यो, बढ्ला ऋण लगानी ?

**काठमाडौं–** पछिल्लो एक वर्षमा वाणिज्य बैंकहरुको औसत आधार दर २.३१ प्रतिशत विन्दुले घटेको छ । २०८० र २०८१ को चैतमा औसत ८.६३ प्रतिशत रहेको वाणिज्य बैंकहरुको आधार दर अहिले ६.३२ प्रतिशतमा झरेको हो ।

आर्थिक गतिविधि बढ्न नसकेर कर्जाको माग सुस्त भइ लगानीयोग्य रकम (तरलता) थुप्रिएसँगै बैंकहरुले घटाउँदै आएको निक्षेपको ब्याजदरले लागत घटेर आधार दर तल आएको हो ।

बैंकहरुले पछिल्लो डेढ वर्षयता निक्षेपको ब्याजदर घटाउँदै आएका छन् । जसले गर्दा आधार दर घटेको हो ।

अहिले ३ वटा वाणिज्य बैंकको आधार दर साढे ५ प्रतिशतले तल झरेको छ । स्ट्याण्डर्ड चार्टर्ड, एभरेष्ट, राष्ट्रिय वाणिज्य बैंक, नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको आधार दर ६ प्रतिशत भन्दा कम छ ।

स्ट्याण्डर्ड चार्टर्डको आधार दर ५.०९ प्रतिशतमा आइपुगेको छ । त्यसैगरी, राष्ट्रिय वाणिज्य बैंकको ५.०२ प्रतिशत र एभरेष्ट बैंकको ५.४५ प्रतिशतमा झरेको छ ।

पोहोर चैतमा स्ट्याण्डर्ड चार्टर्ड बैंकको आधार दर ६.५३, राष्ट्रिय वाणिज्य बैंकको ७.३१ र एभरेष्ट बैंकको ८.१३ प्रतिशत थियो ।

एनआईसी एशिया बैंकको आधार दर भने ७.०२ प्रतिशत छ ।

आधार दर घट्नु भनेको नै ऋणको ब्याजदर सस्तो हुनु हो । बैंकहरुले आधार दरमा अधिकतम ५ प्रतिशतसम्म प्रिमियम थपेर ऋण दिन्छन् । तर, कर्जाको माग अपेक्षाजनक रुपमा बढ्न सकेको छैन् ।

६/७ प्रतिशत स्थिर ब्याजदरको 'स्किम' ल्याउँदा समेत कर्जाको माग बढ्न नसकेको बैंकरहरु बताउँछन् ।

अपेक्षाजनक रुपमा कर्जाको माग बढ्न नसकेपछि बैंकहरुले लागत कम गर्न निक्षेपको ब्याजदर घटाउँदै आएपछि त्यसले आधार दर कम भइ कर्जा समेत सस्तिदै आइरहेको छ ।

आकाश



# जापानी अभिनेत्री माहोले नेपाली टेलिचलचित्र ‘मनको बाँधमा’ डेब्यू गर्दै




**काठमाडौं–** नेपाली टेलिचलचित्र ‘मनको बाँध’मा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त अभिनेत्री माहोको अभिनय देख्न पाउने भएको छ । विश्वप्रसिद्ध स्ट्रिमिङ प्लेटफर्म नेटफ्लिक्सको ‘अफलाइन लभ’मा अभिनय गरेकी उनले नेपाली टेलिचलचित्रमा काम थालेकी हुन् ।

जापानी अभिनेत्री माहोको अफलाइन लभ सिरिज पछिल्लो समय दर्शकहरुको प्रशंसाको विषय बनेको छ । विश्वकै प्रतिष्ठित फेसन प्लेटफर्म पेरिस फेसन विकमा सहभागी रहेकी माहो मोडलिङ क्षेत्रमा समेत उतिकै सक्रिय छिन् ।

फेसन र डिजिटल दुनियाका ख्यातिप्राप्त उनको अभिनय रहेको मनको बाँध वैशाख ६ गते शनिबार यूट्युब च्यानल फोकस पिक्चर्समार्फत देख्न सकिनेछ । नेपाली टेलिचलचित्र मनको बाँधको नयाँ अंक बेलुकी ७ बजे प्रशारण हुँदैछ ।

‘कोठा भाडामा बस्ने सामान्य परिवारको कथा बस्तुमा तयार गरिएको नेपाली टेलिचलचित्रमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त कलाकारको अभिनय जोड्न पाउनु खुसीको विषय हो ।’ निर्देशक प्रदीप खड्गीले बताए । नेपाली रंगमन्चमा विदेशी कलाकारहरुको डेब्यू गराएर टेलिचलचित्रमा पृथक गर्न खोजिएको निर्देशक खड्गीको भनाइ छ ।

उहाँले यसअघि नेपाली ऐतिहासिक चलचित्र कीर्तिपुर द लिजेन्ड अफ कीर्तिलक्ष्मी, नेपाली थ्रीलर मुभि अपीच्य, बहुभाषी चलचित्र हिमआँधी लगायतका ठूला पर्दाका चलचित्र निर्देशन गरिसकेका छन् ।

# “नरसिंहा”को “अच्छा लेकिन” गीत सार्वजनिक



**काठमाडौं–** जेठ ९ गतेबाट सार्वजनिक हुन लागेको चलचित्र ‘नरसिंहा’को गीत ‘अच्छा लेकिन’ गीत सार्वजनिक भएको छ ।

बुधबार काठमाडौंमा एक कार्यक्रमबीच फिल्म ‘नरसिंहा’को गीत सार्वजनिक गरीएको हो । उक्त गीत ‘दैव संजोग’ फिल्मको लोकप्रिय गीत ‘अच्छा लेकिन लण्डनको चिसो...’ भन्ने गीतलाई पुन: रेकर्ड गरेर फिल्म ‘नरसिंहा’मा समावेश गरिएको हो ।

गीतको पुराने भर्सनमा शम्भुजित र देविका बन्दनाको स्वर थियो भने नयाँ भर्सनमा शम्भुजित बाँस्कोटा र रचना रिमालको स्वर रहेको छ । यस गीतकको पुरानो भर्सनमा शब्द, संगीत, स्वर शम्भुजित बाँस्कोटाको रहेको थियो भने नयाँ भर्सनमा पनि उनकै शब्द, संगीत र स्वर रहेके छ ।

यस गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु राजेश हमाल, सरोज खनाल, राज कटुवाल, नीति शाह, सनिशा भट्टराई, उषा खड्गी, दीपा शाही, एल्भिना खड्का लगायतको तृत्य देख्न सकिन्छ ।

आगामि जेठ ९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म ‘नरसिंहा’मा राजेश हमालले ८ वर्ष पछि फिल्ममा कमव्याक गरेका हुन् । छायांकलनको क्रममा बाहिरिएका तस्वीरबाट उनी फिल्ममा प्रहरीको भूमिकामा परहेको खुलासा भई सकेको छ ।

# लाक्पा तेन्जि शेर्पाको ‘क्या राम्रो हास्यो’ बोलको गीत सार्वजनिक

**काठमाडौं–** चर्चित गायक तथा संगीतकार लाक्पा तेन्जि शेर्पाको क्या राम्रो हाँस्यो बोलको गीत भिडियो सहित सार्बजनिक भएको छ । पछिल्ला समय नेपाली गीतसंगीतको क्षेत्रमा फरक फरक विधाका नयाँ नयां गीतहरु एक पछि अर्को गर्दै सार्बजनिक हुने क्रम रहेको छ ।

यसै क्रममा चर्चित गायक तथा संगीतकार लाक्पा तेन्जि शेर्पाको क्या राम्रो हाँस्यो बोलको गीत भिडियो सहित सार्बजनिक गरिएको हो । उत्तम पौडेलको शब्द रचना रहेको उक्त गीतमा संगीत लाक्पा तेन्जि शेर्पाको संगीत रहेको छ भने गीतमा आवाज लाक्पा तेन्जि शेर्पा र चर्चित गायीका सुमिना लोको रहेको छ ।

गीतमा कोरस आवाज राजकुमारी कार्की, रोशनि रसाईली र बिन्दु बिसीको रहेको छ । गीतको भिडियो तर्फ भने कृष्ण ब्लोनको निर्देनमा पाल्देन लामा र अस्मिता तामाङलाई मुख्य अभिनयमा देख्न सकिनेछ । भिडियोमा कोरस नृत्य भने छाम्जी शेर्पा, डिमी शेर्पा, याङ्जुम शेर्पा, लाक्पा छिरीङ शेर्पा, सुस्म लामा, बविना मगर, मोनिका पाखिन र मोनिका तामाङको रहेको छ ।




गीतको भिडियोमा शेर्पा कल्चर तामाङ कल्चरलाई देखाउने जमर्कोका साथ भेषभुषा पनि त्यही अनुसारले प्रयो गरिएको गायक तथा संगीतकार लाक्पा तेन्जि शेर्पाले बताएको छ । उनी लामो समयदेखी गीतसंगीत क्षेत्रमा लागि परेका एक कुशल कलाकार हुन् । उनी आफै सुमधुर आवाजमा गीत गाउने मात्रै नभएर संगीत पनि आफै गर्ने गर्छन् ।

उनले यस अघि थुप्रै गीतहरु बजारमा ल्याईसकेका छन् । यस अघि थुप्रै गीतहरु बजारमा ल्याईसकेका छन् । काङ्लाङ र कुङ्लुङ गाउं जाने बाटो (मज्जाले नाचौंला) नम्बरी सुन बोलको गीत अपार सफल्तापस्चात उनले यो पटक तामाङ र शेर्पा कल्चरमा आधारित गीत क्या राम्रो हाँस्यो भिडियो सहित बजारमा ल्याएका हुन् ।

गीतको भिडियोमा शेर्पा केटा र तामाङ केटी बिचको ठट्यौली शैलीलाई प्रयोग गरेको पाईन्छ । कलाकार समाज परिवर्तनको संवाहक हुन् भने गीतसंगीत समाजको ऐना हुन् गीतसंगीतको माध्यमबाट समाजको कस्तो विषयवस्तुलाई कसरी उठान गर्ने भन्ने विषय गहन बिषय बन्ने गर्दछ ।

तसर्थ यस गीतको भिडियोमा कलाकार हरुले आफ्नो कला प्रस्तुत गरे संगै भेषभुषा र मौलिक बजालाई समेत राम्रै ढंगले प्रस्तुत गरेको देखिन्छ ।

गीतको भिडियो छायांकन, सम्पादन तथा रंग सम्पादनको सम्पुर्ण प्राविधिक कामहरु भने निर्देशक कृष्ण ब्लोन नै गरेका हुन् ।

# साउन २३ मा ‘मोहर’ रिलिज हुने



**काठमाडौं–** ओम प्रतिक निर्देशित फिल्म “मोहर” साउन २३ गतेदेखि प्रदर्शन हुने भएको छ ।

शुक्रबार निर्माण टिमले अभिनेता पल शाहको लुक्स सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरेका हुन् ।

फिल्म मेकर्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्मको कथा ओम प्रतिकले लेखेका हुन् । फिल्ममा चुम्बन जंग शाहीको लगानी छ । फिल्ममा पल शाह, बेनिशा हमाल, नीति शाह, अर्जन जंग शाही, मिथिला शर्मा, रवीन्द्र झा, लक्ष्मी गिरी, सुशिल देवकोटा र बाल-कलाकार सारा शर्माको अभिनय छ ।

दीपेन बस्न्यातको डीओपी रहेको फिल्ममा कुमार महर्जनको एक्सन, भूपेन्द्र अधिकारीको सम्पादन, सुरेश अधिकारी र एसडी योगीको संगीत, प्रमोद ढुंगाना र हर्क साउदको शब्द छ ।

फिल्मका मुख्य सहायक निर्देशक गिरिराज घिमिरे हुन् । कविराज गहतराज र रामजी लामिछानेको नृत्य निर्देशन रहेको फिल्मका निर्माण नियन्त्रक लक्ष्मणराज पौडेल हुन् । फिल्मको छायांकन दाङ, अर्घाखाँची, रोल्पा, प्युठान र काठमाडौंमा गरिएको छ ।


# बृक्षारोपण गरौं, हरियाली बढाऔं

बृक्षारोपण गरौं, हरियाली बढाऔं । रोपिएका बृक्षको संरक्षण र सम्वर्द्धनमा सबै क्षेत्र जुटौं । अतिबृष्टि, अनाबृष्टि र बाढी-पहिरोबाट बच्न पनि बृक्षारोपण कार्यमा सबै क्षेत्र सक्रिय हुनु जरुरी छ । वन अतिक्रमण हुनबाट बचाऔं । जथाभावी रुख नकाटौं । पर्यावरण जोगाऔ ।

प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं । वनजंगल, नदीनाला, पहाड-पर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

डिबिजन वन कार्यालय
हात्तिसार, काठमाडौं



# उदयपुरमा भालुको आक्रमणबाट महिला घाइते

**गाइघाट–** उदयपुरको कटारी नगरपालिका-८ ग्रासको एक सामुदायिक वनमा घाँस काट्दै गरेकी एक महिला भालुको आक्रमणमा परी घाइते भएकी छिन् ।

जिल्ला प्रहरी कार्यलय उदयपुरका अनुसार भालुको आक्रमणबाट घाइते महिला कटारी-८ बस्ने वर्ष ४६ की पञ्चमाया तामाङ रहेकी छिन् । बिहान ९ बजेतिर स्थानीय नारायणी सामुदायिक वनमा घाँस काट्दै गरेकी तामाङलाई भालुले आक्रमण गरेको हो ।

भालुले तामाङमाथि आक्रमण गरेपछि उनी कराएका कारण अन्य वरपर घाँस काट्ने साथी आएपछि भालु भागेको थियो भने तामाङ घाइते भएकी थिइन् ।

भालुको आक्रमणबाट तामाङको टाउको, हात र शरीरका केही भागमा चोट लागेको जिल्ला प्रहरी कार्यलय उदयपुरले



जनाएको छ ।

घाइते तामाङको कटारी अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी केदारमान दोङले जानकारी दिए ।

कटारी ग्रासका स्थानीय राजन बरालका अनुसार पछिल्लो समय नारायणी सामुदायिक वन क्षेत्र निकै घना जङ्गल हुँदै गएको छ ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक वर्ष -१७, अंक- ३५, २०८२ साल बैशाख ९ गते मंगलबार (APR 22, 2025)

# एमएडब्ल्यू वृद्धिले नेपालभर १००ं ईभी चार्जिङ स्टेशनहरूको कोशेढुङ्गा मनाउदै




**काठमाडौं–** एमएडब्लू वृद्धिले नेपालमा १०० भन्दा बढी सञ्चालनमा रहेका इभी चार्जिङ स्टेशनहरू पार गरेर वास्तवमै एउटा कोशेढुङ्गा पार गरेको छ ।

यो उपलब्धि मनाउन, एमएडब्लू वृद्धिले इभी उद्योगका प्रमुख व्यक्तिहरू, मूल्यवान साझेदारहरू र इभी प्रयोगकर्ताहरूलाई एकसाथ ल्याएको विशेष कार्यक्रम आयोजना गऱ्यो ।

उत्सवमा केक काट्ने कार्यक्रम पनि समावेश थियो, जसले यस अवसरलाई रमाइलो स्पर्श थप्यो । यस ठूलो दिनमा एमएडब्लू वृद्धिका सम्मानित सहभागीहरू, एमएडब्लू वृद्धिका MD विवेक सिकारिया, एमएडब्लू वृद्धि कमर्सियलका ऋभ्इ तुषार गुप्ता, एमएडब्लू वृद्धि मोटर्सका ऋभ्इ प्रसन्न पन्त, र एमएडब्लू वृद्धि अटोकर्पका ऋभ्इ रूपेश शर्मा भट्ट लगायत अन्य व्यक्तिहरू सामेल भए, जसले नेपालमा स्वच्छ गतिशीलताप्रति साझा प्रतिबद्धतालाई सुदृढ पार्दै यस अवसरलाई महत्व दिए ।

एमएडब्लू वृद्धिको प्रमुख इभी ब्रान्ड अन्तर्गत उत्सव मनाउँदै, जसले ग्राहकहरूलाई परफॉर्मेंस र इको फ्रेंडली प्रतिको प्रतिबद्धतामा आकर्षित गर्न जारी राख्छ, र हरियाली, स्मार्ट भोलितर्फको कदमको प्रतिनिधित्व गर्दछ ।

एमएडब्ल्यू वृद्धि नयाँ नेटवर्क सीसीएस२ टाइप डीसी फास्ट चार्जर्सले आज नेपालभरि १०० भन्दा बढी रणनीतिक स्थानहरू पार गर्ने घोषणा गरेको छ । काठमाडौं, पोखरा, विराटनगर र चितवन जस्ता राजधानी शहरहरूदेखि मुस्ताङ, डोटी, सुर्खेत, टीकापुर र डडेलधुरा जस्ता टाढाका क्षेत्रहरूमा, एमएडब्ल्यू वृद्धिले इभी चालकहरूलाई यात्राको आनन्द लिने कुरा सुनिश्चित गर्दछ ।

वर्कद्वारा, हामी नेपालीहरूलाई विश्वासका साथ विद्युतीय गतिशीलतामा जान सक्षम बनाउँछौं, र हामी भर्खरै सुरु गर्दैछौं ।"

यो कार्यक्रमले एमएडब्ल्यू वृद्धिको घोषणालाई चिह्नित गर्दछ, जुन विकासमा केन्द्रित कम्पनीको पहल हो ।

एमएडब्ल्यू वृद्धिले आगामी भविष्यमा नेपालभरि आफ्नो ईभी चार्जिङ नेटवर्क विस्तार गर्ने कम्पनीको निरन्तर प्रयासलाई प्रतिनिधित्व गर्दछ । यो उपलब्धिले पूर्वाधार सुधार गर्न र देशभर विद्युतीय सवारी साधनको स्वामित्वमा राम्रो पहुँच सुनिश्चित गर्न एमएडब्ल्यूको समर्पणलाई प्रकाश पार्छ ।

# एसएमएल इसुजुको आधिकारिक बिक्रेता लक्ष्मी ग्रुप, स्पेयर पार्ट्सको उपलब्धता देशैभर सुनिश्चित गर्ने




**काठमाडौं–** लक्ष्मी ग्रुप नेपालका लागि एसएमएल इसुजुको आधिकारिक बिक्रेता नियुक्त भएको छ ।

एसएमएल इसुजु ब्राण्डप्रति आफूले देखाएको समर्पण, प्रतिबद्धता र मेहनतलाई मध्यनजर गर्दै आधिकारिक वितरकको जिम्मेवारी पाएको लक्ष्मी ग्रुपले बताएको छ ।

नेपाली बजारमा एसएमएल इसुजुका ट्रक, टिप्पर, स्कुल बस बिक्री गरिंदै आएको छ । लक्ष्मी ग्रुपअन्तर्गतको लक्ष्मी कमर्सियल भेहिकल्सले सात वर्षदेखि एसएमएल इसुजुका सवारी साधन बिक्री गर्दै आएको छ ।

एसएमएल इसुजुले लक्ष्मी ग्रुपले आक्रामकरुपमा व्यापार गर्ने विश्वास लिएको छ । देशका सातै प्रदेशमा कम्पनीको सेल्स तथा सर्भिस सञ्जाल छ ।

कम्पनीका सेल्स हेड सञ्जय खड्काले आगामी दिनमा सञ्जाल अझै विस्तार गर्ने बताए । उनले ग्राहकको सहजताका लागि देशैभर स्पेयर पार्ट्सको उपलब्धता सुनिश्चित गर्ने प्रतिबद्धता जनाए ।

# रोयल इन्फिल्डको नयाँ 'क्लासिक ३५०' पाँच भेरि यन्टमा उपलब्ध, सुरूवाती मूल्य साढे ५ लाख




**काठमाडौं–** नेपालमा रोयल इन्फिल्ड क्लासिकका सबै भेरियन्टमा एबीएस उपलब्ध हुने भएको छ ।

नयाँ क्लासिक ३५० को सुरूवाती भेरियन्ट ५ लाख ५५ हजार रुपैयाँमा उपलब्ध छ । कम्पनीले सुरूवाती भेरियन्टमै डुअल च्यानल एबीएससहित प्रिमियम एलईडी हेडल्याम्प, एलईडी पाइलट ल्याम्प पनि उपलब्ध गराउने जनाएको छ ।

यस्तै, यसमा टाइप सी यूएसबी चार्जर हुनेछ भने गियर सूचक जनाउने गियर इन्डिकेटर पनि हुनेछ । आधुनिक सुविधासहित रोयल इन्फिल्ड उपलब्ध हुने कम्पनीले जानकारी दिएको छ ।

मध्यम आकारको (२५० सीसी-७५० सीसी) क्षमताका नयाँ क्लासिक ३५० मा पुरानो आकर्षणलाई कायम गर्दै शैली र गुणमा आधुनिक सुधार गरिएको कम्पनीको दाबी छ । रोयल इन्फिल्ड सिकेडीमा उत्पादित यो मोटरसाइकल नेपालभरका ग्राहकको पहुँचमा पुऱ्याइने कम्पनीले जनाएको छ ।

नयाँ क्लासिक ३५० सातवटा आकर्षक रङमा उपलब्ध छ । ५ भेरियन्टका बाइकहरू हेरिटेज, हेरिटेज प्रिमियम, सिग्नल्स, क्लासिक डार्क र क्लासिक क्रोममा उपलब्ध हुनेछन् । प्रत्येक भेरियन्टमा आधुनिक इन्जिनियरिङसँगै आकर्षक डिजाइन छन् ।

यसको हेरिटिज सिरिज मद्रास रेड र जोदपुर ब्लुमा उपलब्ध छ । यो डिजाइन रोयल इन्फिल्डको सांस्कृतिक स्वरूपबाट प्रेरित छ । मेटालिक फ्लेक फिनिस र गोल्डेन पिनस्ट्रिपिङ्ले यसलाई भिन्टेज स्वरूप दिएको छ ।

त्यस्तै, हेरिटेज प्रिमियम भेरियन्ट मेडालियन ब्रोन्जमा उपलब्ध छ । यसले क्लासिकको वास्तविक स्वरूपलाई थप समृद्ध बनाएको छ ।

यसैगरी, कमाण्डो स्यान्डमा रहेको सिग्नल सिरिजले रोयल इन्फिल्डको सशस्त्र बलसँगको ऐतिहासित सम्बन्धको सम्मान गर्छ । यो अध्यावधि स्वरूपले झनै सौन्दर्य बढाएको छ ।

डार्क सिरिज खैरो र कालो मिश्रित रंगमा तामाको हल्का लेपनले यसलाई थप आकर्षक बनाएको छ । क्लासिक क्रोम भने निख्खर हरियो स्वरूपमा उपलब्ध यस मोडलले भिन्टेज शैली र प्रिमियम स्वरूपको प्रतिनिधित्व गर्दछ ।

नेपालमा हेरिटेज (मदरास रेड, जोधपूर ब्लू)को मूल्य ५ लाख ५५ हजार रुपैयाँ छ भने हेरिटेज प्रिमियम (मेडालियन ब्रोन्ज) र सिग्नल्स (कमाण्डो सेण्ड)लाई ५ हजार ६६ हजार रुपैयाँ पर्छ । त्यस्तै, डार्क (गन ग्रे स्टेल्थ ब्ल्याक)को ५ लाख ७३ हजार र क्रोम (इमराल्ड)को ५ लाख ७९ हजार ९०० रुपैयाँ मूल्य छ ।

कम्पनीका प्रमुख वाणिज्य अधिकृत यदविन्दर सिंह गुलेरियाले भने, 'नेपाली बजार हाम्रा लागि सधैं विशेष रहँदै आएको छ । नयाँ क्लासिक ३५० को कलात्मक डिजाइन, समृद्ध इन्जिनियरङले यसलाई अझै सुन्दर बनाएको छ ।'

कम्पनीका अनुसार नेपालमा बढ्दो प्रिमियम मोटरसाइकलको मागलाई पूरा गर्न इनफिल्डको वृहत रणनीतिका निम्ति यो सुरूवात महत्त्वपूर्ण कोसेढुंगा हो । नयाँ क्लासिक ३५० ले एबीएस मात्रै नभई विश्वव्यापी रूपमा प्रख्यात इनफिल्डको कलात्मक डिजाइनको अनुभव पनि ग्राहकलाई दिनेछ ।

रोयल इनफिल्डका थप प्रिमियम मोडलमा बियर ६५०, क्लासिक ६५०, गुरिल्ला ४५० मोडर्न रोडस्टर, हन्टर ३५०, मेटीवर ३५०, सुपर मेटोर ६५०, इन्टरसेप्टर ६५०, कन्टिनेन्टल ६५० ट्वीन्स छन् । यस्तै, सटगन ६५०, द न्यू हिमालयन एडभेन्चर टुअर ४५०, स्क्राम ४४० एडीभी क्रसणभर, आइकोनिक बुलेट ३५०, क्लासिक ३५०, गोअन क्लासिक ३५० छन् ।

# नौ महिनामा भित्रियो २७ अर्बको ३२,४४४ विद्युतीय सवारी

**काठमाडौं–** चालु आवको ९ महिनामा ३२ हजार ४४४ युनिट विद्युतीय सवारीसाधन आयात भएका छन् । भन्सार विभागले आइतबार निकालेको तथ्यांक अनुसार चालु आवको साउनदेखि चैतसम्म ९ महिनामा ३२ हजार ४४४ युनिट विद्युतीय सवारीसाधन आयात भएका छन् । जसमा दुई पाङ्गे, तीन पाङ्गे, प्यासेन्जर चार पाङ्गे र कमर्सियल सबै रहेका छन् ।

उक्त विद्युतीय गाडीहरु खरिद गर्न २७ अर्ब बराबर खर्च भएको छ । जसबाट सरकारले १३ अर्ब ७२ करोड रुपैयाँ भन्सार शुल्क संकलन गरेको छ ।

यसमा चार पाङ्गे इभी २४ अर्ब ७६ करोड रुपैयाँ बराबरको १० हजार ४५ युनिट, दुई पाङ्गे इभी ८० करोड रुपैयाँ बराबरको ८ हजार ३४८ युनिट र तीन पाङ्गे इभी १ अर्ब ४६ करोड रुपैयाँ बराबरको १४ हजार ५१ युनिट आयात भएका छन् ।

यसैगरी, पेट्रोल इन्जिन बाइक तथा स्कुटर १७ अर्ब रुपैयाँ बराबरको कुल १ लाख ४१ हजार ८३३ युनिट आयात भएका छन् । जसले भन्सार शुल्क १७ अर्ब ४२ करोड रुपैयाँ बुझाएको छ ।

पेट्रोल तथा डिजल चार पाङ्गे सवारी साधन ९ अर्ब ७७ करोड रुपैयाँ बराबरको ६ हजार २४८ युनिट आयात भएका छन् । यसबाट सरकारले १७ अर्ब रुपैयाँ भन्सार शुल्क बुझाएको छ । यसमा प्यासेन्जर र कमर्सियल दुवै सवारीसाधन छन् ।




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार